म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३०७ सोमबार ३ असार २०८१ ने. सं. ११४४ तछ्लाथ्व 17 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीमा लडेर एकको मृत्यु

हेटौंडा, २ असार/मकवानपुरको मनहरीमा लडेर एक पुरुषको मृत्यु भएको छ । शनिबार राति मनहरी गाउँपालिका-३ डोटेसुकौरामा लडेर स्थानीय एक पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । शनिबार राति काम सक्काएर घर जाँदै गरेका स्थानीय अन्दाजी ५६ वर्षीय कर्णबहादुर ब्लोनको लडेर मृत्यु भएको मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । मापसे गरेर सडकमा लडेको अवस्थामा उनको शव सडक छेउमा फेला परेको थियो । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । शव पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको प्रहरीले जनाएको छ । त्यस्तै मकवानपुरको मनहरी गाउँपालिका-५ ढुनिदासीमा लडेर एक बालक घाइते भएका छन् । स्थानीय ७ वर्षीय निर्मल प्रजा खेल्ने क्रममा आफ्नै घरको आँगनमा रहेको बकाइनोको रुखबाट लडी घाइते भएका हुन् । घाइतेको टाउको र शरीरको विभिन्न भागमा चोट लागेको छ । उनको सरकारी अस्पताल भरतपुर चितवनमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय मनहरीले जनाएको छ ।

# हेटौंडा उपमहानगरको बजेट २ अर्ब ४४ करोड

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ हेटौंडा उपमहानगरले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि बजेटको आकार घटाएको छ । उपमहानगरपालिकाले चालु आर्थिक वर्षको बजेटभन्दा ४६ करोड ७२ लाख २९ हजार रुपैयाँ अर्थात् १६.०७ प्रतिशत घटाएर आगामी आर्थिक वर्षको बजेट ल्याएको हो ।




उपमहानगरले आगामी आवको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न २ अर्ब ४३ करोड ८९ लाख ७१ हजार रुपैयाँ बजेट विनियोजन गरेको छ । आन्तरिकस्रोतबाट ५३ करोड २७ लाख ९५ हजार रुपैयाँ, राजस्व बाँडफाँटबाट ६१ करोड ६५ लाख ८६ हजार रुपैयाँ, प्रदेश सरकारको विभिन्न अनुदानबाट ११ करोड १७ लाख ३९ हजार रुपैयाँ र संघीय अनुदानबाट १ अर्ब १६ करोड ५३ लाख रुपैयाँ बेहोरिने अनुमान गरिएको छ । उपमहानगरले बजेटको प्राथमिकतामा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढाउने जनाएको छ ।

स्थानीय सहभागिता जुट्ने, स्वयम्सेवा परिचालन गरी लागत न्यूनीकरण गर्ने, स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने बजेटको प्राथमिकताको क्षेत्र निर्धारण गरिएको छ । समावेशी र दिगो विकास, वातावरण संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने, भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने, शिक्षा, स्वास्थ्य क्षेत्रको गुणस्तरीयता एवम् सबलीकरण, सबै प्रकारका सामाजिक विभेद अन्त्य भएको मानवताको सहर स्थापना गर्ने बजेटको प्राथमिकता रहेका छन् ।

उपमहानगरपालिकाको बजेटले विकासका लागि आर्थिक, सामाजिक, भौगोलिक पूर्वाधार खडा गर्ने, शासनमा सुधार र सेवा प्रवाहमा जनताको सहज पहुँच वृद्धि गर्ने, आन्तरिक क्षमता विकास र सुदृढीकरणमा जोड दिने, सन्तुलित एवम् दिगो समावेशी विकासको अवधारणालाई आत्मसात् गर्ने बजेटको उद्देश्य छ । गरिबी न्यूनीकरण तथा जनजीविकामा टेवा पुऱ्याउने, समृद्ध नगर सुखी नगरवासीको लक्ष्य हासिल गर्ने उद्देश्यका साथ उपमहानगरपालिकाले बजेट तर्जुमा गरेको छ ।

उपमहानगरपालिकाले आगामी आर्थिक वर्षमा हेटौंडा-१० मा निर्माणाधीन एकीकृत बसपार्क तथा टर्मिनल भवन निर्माण सम्पन्न गरी सञ्चालन गर्न ६ करोड बजेट विनियोजन गरेको छ । सहरी सडक मर्मतसम्भारका लागि सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्न १ करोड ७० लाख विनियोजन गरेको छ भने विभिन्न पूर्वाधारको आकस्मिक मर्मत सम्भारका लागि मर्मतसम्भार कोषमा १ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ ।

संघ तथा प्रदेश सरकारको लागत, सहयोग तथा समन्वयमा कर्रा करिडोर निर्माणको निरन्तरताका लागि आवश्यक व्यवस्था गरिएको उपप्रमुख राजेश बानियाँले बताए । जिम्मेवारी सर्ने योजनाको भुक्तानीका लागि १७ करोड रुपैयाँ व्यवस्था गरिएको छ । पदमपोखरी मुख्य सडक विस्तार कार्यका लागि ७ करोड रुपैयाँ विनियोजित छ ।

बानियाँका अनुसार हेटौंडा खानेपानी व्यवस्थापन बोर्डसँग साझेदारी कार्यक्रम, न्यूनतम महसुल भुक्तानीलगायत कार्यका लागि २ करोड ८ लाख रुपैयाँ, नगरपालिकाको प्रशासनिक भवनमा लिफ्ट जडान, पर्खाल एवम् चमेनागृह निर्माणका लागि ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

उपमहानगरले आगामी आर्थिक वर्षमा नागस्वती फुटबल स्टेडियम निर्माणका लागि १ करोड ७२ लाख रुपैयाँ, संघीय सरकारबाट हेटौंडा चक्रपथअन्तर्गत वडा नम्बर १५, १६, १७ को सडकखण्ड स्तरोन्नति गर्न २ करोड रुपैयाँ, चाइनाक्वाटरबाट राप्ती बाइपास जोड्ने सडकका लागि १ करोड रुपैयाँ, नेवारपानी गुम्बाटोल हुँदै गाल्छाराङ-लिक्चे कैलाश, हेटौंडा-कैलाश-राक्सिराङ जोड्ने सडकका लागि २ करोड रुपैयाँ, बिपीमार्ग स्तरोन्नतिका लागि १ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

उपमहानगरले पूर्वाधार विकास क्षेत्रभित्र पर्ने सडक, ऊर्जा, सडकबत्ती, जलस्रोत, पर्यटन, भवन तथा आवास, सिँचाइलगायत नगर स्तरीय पूर्वाधारतर्फ ८८ करोड ८६ लाख ९९ हजार रुपैयाँ बजेट विनियोजन गरेको उपमेयर बानियाँले बताए । आगामी आर्थिक वर्षमा उपमहानगरले उद्योग, सहकारी तथा लघुउद्यमतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ७० लाख रुपैयाँ, पर्यटनतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ८५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

त्यस्तै संस्कृति प्रवर्द्धन अन्तर्गत पूर्वाधार निर्माण तथा जीर्णोद्धारका लागि १ करोड १६ लाख रुपैयाँ बजेट व्यवस्था गरिएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि १ करोड २७ लाख ७१ हजार रुपैयाँ, आर्थिक विकास क्षेत्रभित्रका चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि ७ करोड ५६ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ । उपमहानगरपालिकाले आगामी आर्थिक वर्षमा शिक्षक बैंक, मोवाइल शिक्षक, सिल्भर स्वयम्सेवक, सुनौलो शुक्रबार कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको उपप्रमुख बानियाँले बताए ।

शिक्षातर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न ७३ करोड २७ लाख २६ हजार रुपैयाँ र आन्तरिकतर्फ ४ करोड ४५ ७२ लाख रुपैयाँ विनियोजन गरिएको छ भने हटिया र पदमपोखरीस्थित आधारभूत अस्पताललाई स्वास्थ्य बीमामा आबद्ध गरी सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ । स्वास्थ्यतर्फका कार्यक्रम तथा योजना सञ्चालन गर्न सशर्तसमेत ७ करोड ६९ लाख ६२ हजार रुपैयाँ, युवा तथा खेलकुदसँग सम्बन्धित कार्यक्रमका लागि १ करोड ८२ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ ।

उपमहानगरले फोहर मैला व्यवस्थापन र ढल तथा नाला पूर्वाधारतर्फका योजना तथा कार्यक्रमका लागि २ करोड १६ लाख विनियोजन गरेको छ । वातावरण तथा विपद् व्यवस्थापन एवम् सर सफाइ र फोहरमैला व्यवस्थापनमा चालु कार्यक्रम र पुँजीगत योजना तथा कार्यक्रमका लागि कूल ३ करोड १२ लाख ७० हजार विनियोजन गरेको छ ।

# बिपद् जोखिम न्यूनीकरण गर्न पूर्वतयारीमा नेरेसो मकवानपुर

साझाकुरा संवाददाता



हेटौंडा, २ असार/नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाले बिपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी सुरु गरेको छ ।

आइतबार सोसाइटीले काँकडा, राक्सिराङ र सरिखेत उपशाखा अन्तर्गत वनेको समन्वय समितिसँग पूर्वतयारीका विषयमा छलफल गरेको हो । समन्वय समितिका सयोजक चित्रबहादुर थिङको अध्यक्षतामा बसेको बैठकले विपद् पूर्वतयारी, राहत तथा उद्दार लगायत विभिन्न विषयमा छलफल गरेको छ । बिपद्का समायमा राहत तथा उद्दारका सामग्री चुस्त राख्ने, तालिमप्राप्त स्वयम्सेवकहरुलाई बिपद्का घटनामा उद्दारकार्यका लागि तयारी अवस्थामा राख्ने विषयमा छलफल तथा निर्णय भएको छ ।

छलफलमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा सभापति लालबहादुर थापा, कोषाध्यक्ष किशोर बर्तौला, जिल्ला सदस्य सुन्तलीमाया चेपाङ, कार्यालयप्रमुख लक्ष्मण भट्टराई, ब्लड बैंक प्रमुख टंकदाहाल, लेखाप्रमुख रामजी खतिवडा, समन्वय समितिका पदाधिकारी र सदस्यहरुको उपस्थिति रहेको थियो । राक्सिराङ गाउँपालिकामा रहेका तीनवटै उपशाखाको समन्वय समिति निर्माण गरिएको छ ।

यसअघि गत शुक्रबार नेपाल रेडक्रस सोसाइटी मनहरी उपशाखा तथा जिल्ला शाखाले मनहरी गाउँपालिकामा पनि यस्तै तयारी बैठक सम्पन्न गरेको थियो । मनसुनजन्य बिपद्मा उद्दार तथा राहतका लागि स्थानीय जनप्रतिनिधि तथा तालिम प्राप्त स्वयम्सेवकलाई तयारी अवस्थामा रहन समन्वय गरिएको थियो । यसैबीच मनहरी-६ हङ्लडमा २०८१ जेष्ठ १९ गते आएको हावाहुरीले घरमा क्षति पुगी विस्थापित भएका १० घरपरिवारलाई राहतस्परुप त्रिपाल वितरण गरिएको जिल्ला शाखाका लेखाप्रमुख खतिवडाले जानकारी दिएका छन् ।

मनहरी उपशाखा सभापति मोहन कार्कीको अध्यक्षतामा विपद्को समयमा राहत तथा उद्दार लगायत विभिन्न बिषयमा छलफल भएको थियो । छलफलमा नेपाल रेडक्रस सोसाइटी जिल्ला सभापति थापा, कोषाध्यक्ष बर्तौला, सदस्य सुन्तलीमाया चेपाङ, कार्यालय प्रमुख भट्टराई, लेखाप्रमुख खतिवडा, उपशाखासचिव पुस्कर सुबेदीलगायत मनहरी उपशाखाका पदाधिकारी, सदस्यहरुको उपस्थिति रहेको थियो ।

## सवारीसाधन नवीकरण जरिवानामा ८० प्रतिशत छुट दिइने

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ बागमती प्रदेशभित्र दर्ताभई २० वर्ष वा सोभन्दा बढी अवधि पूरा भएका सार्वजनिक सवारी साधनका धनीले आफ्नो सवारीसाधनको दर्ता खारेज गराउन चाहेमा २०८१ पुस मसान्तसम्म २० वर्ष अवधिसम्मको तिर्न बुझाउन बाँकी सवारीसाधन कर र नवीकरण दस्तुर बुझाएमा जरिवानामा ८० प्रतिशत छुट दिइने भएको छ ।

बागमती प्रदेश सरकाले शनिबार ल्याएको बजेटमा यस्तो व्यवस्था गरेको हो । प्रदेशको एकल तथा साझा अधिकार क्षेत्रभित्र रहेका विज्ञापन कर, मनोरञ्जन कर, ढुंगा, गिट्टी, बालुवालगायत विभिन्न क्षेत्रमा लाग्दै आएका करका दरहरु परिमार्जन गरेको छ । सवारीसाधन दर्ता तथा नवीकरण, उद्योग दर्ता तथा नवीरकणलगायत विभिन्न शुल्कमा भएको परिवर्तन र प्रदेशले आगामी आर्थिक वर्षको बजेटमार्फत् तय गरेका राजस्व नीतिमा परिमार्जन भएको छ ।

सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, नाटकघर, दोहोरी साँझ, डान्सबार, नाइट क्लब, क्यासिनो, पार्क प्रवेश, फुटसल, स्वीमिङ पुल, जीपलाइन, स्वीङ, आकाशे सीसाको पुल, बन्जी जम्पलगायतको कर परिमार्जन गरिएको आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले बताएका छन् ।

व्यावसायिक फर्म दर्ता गरी नवीकरण नगरेका उद्योग, निजी र साझेदारी फर्म तथा व्यवसायले पछिल्लो तीन आर्थिक वर्षको नवीकरण दस्तुर र जरिवाना रकम आगामी पुस मसान्तभित्र दाखिला गरेमा सोभन्दा अगाडिका वर्षहरुमा दाखिला गर्नुपर्ने जरिवाना मिनाहा गरी नवीकरण दस्तुरमा ५० प्रतिशत छुट दिइने व्यवस्था बागमती प्रदेशले बजेतमार्फत् ल्याएको छ ।

प्रदेशको आन्तरिक स्रोत परिचालनलाई दिगो र भरपर्दो बनाउन आय परिचालनका थपक्षेत्र पहिचान गर्ने तथा प्रदेशको स्रोतपरिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न विज्ञसहितको कार्यदल गठन गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ । त्यस्तै, प्रदेश सरकारको एकल अधिकार क्षेत्रभित्र रहेको कृषिआयमा लाग्ने करको क्षेत्र तथा आधार निर्धारण गर्ने सम्बन्धमा अध्ययन गरिने विषय बागमती प्रदेशको बजेट वक्तव्यमा राखिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

ELITE AIMERS INSTITUTE The Dream Into AIM
लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
शिक्षक सेवा
बैंकिङ कक्षा तयारी
खरिदार
नेपाल विद्युत प्राधिकरण
नायब सुब्बा
नेपाल टेलिकम तह ४
अनुसन्धान सहायक सूचक
नेपाल प्रहरी जवानको लिखित, नयाँ तयारी कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण
☛ हरेक हप्ता Model Test
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# उत्साहजनक भएन बजेट

बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट प्रस्तुत गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले आगामी आर्थिक वर्षका लागि ६४ अर्ब रुपैयाँ भन्दा धेरैको बजेट संसदमा प्रस्तुत गरेका हुन् । धेरैजसो बजेट पुँजीगत खर्चका लागि छुट्याइएको छ । जसमध्ये चालुतर्फ २६ अर्ब १० करोड १६ लाख ८२ हजार रुपैंयाँ अर्थात ४०.४४ प्रतिशत, पूँजिगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख ४९ हजार अर्थात ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड अर्थात २.३२ प्रतिशत बजेट विनियोजन भएको छ । विनियोजित बजेट कार्यान्वयनका लागि कर, राजस्वबाट २७ अर्ब ३८ करोड ५७ लाख, अन्य राजस्वबाट ६ अर्ब ५१ करोड १६ लाख ७९ हजार, संघीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ५७ करोड ५६ लाख र चालु आवको अनुमानित संचितकोष रकम र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड १४ लाख ५१ हजार व्यहोर्ने अनुमान गरिएको छ । प्रदेश सरक्ले चालु आर्थिक वर्षको तुलनमा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट प्रस्तुत गरेको हो । चालु आर्थिक वर्षमा प्रदेश सरकरले ६२ अर्ब ७० करोड रुपैयाँको बजेट प्रस्तुत गरेको थियो ।

बागमती प्रदेशको कृषि क्षेत्रमा साढे दुई अर्ब बजेट बिनियोजन गरिएको छ । बागमती प्रदेशसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को लागि बजेट प्रस्तुत गर्दै मन्त्री थपलियाले कृषिमा आधुनिकीकरणसँगै उत्पादन वृद्धि गर्दै रोजगारीको अवसर सृजना गर्ने नीतिअनुसार आवश्यक बजेट बिनियोजन गरिएको जानकारी दिए । कृषिसम्बन्धी कार्यक्रम र कृषि पूर्वाधारका योजना कार्यान्वयन गर्न दुई अर्ब ६२ करोड रुपैयाँ विनियोजन गरेको उल्लेख गरे । स्थानीय तहमा समपूरक अनुदानका लागि दुई अर्ब ४८ करोड, विशेष अनुदानका लागि ७९ करोड ४८ लाख र वित्तीय हस्तान्तरणका लागि आठ अर्ब ३७ करोड रुपैयाँ विनियोजन गरिएको छ । राजस्व बाँडफाँडबाट स्थानीय तहलाई पाँच अर्ब रुपैयाँ प्रदान गर्ने गरी बजेट व्यवस्था गरिएको मन्त्री थपलियाले बताएका छन् । दुग्धमा अनुदानका लागि २० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । पर्यटन तथा सहकारी क्षेत्रका लागि दुई अर्ब ४६ करोड करोड विनियोजन गरिएको मन्त्री थपलियाले बताए । उद्योग, भूमि तथा प्रशासनका लागि ७२ करोड विनियोजन गरिएको छ । बागमती प्रदेश सरकारले सडक निर्माणका लागि मात्र ७ अर्ब ७८ करोड रुपैयाँ विनियोजन गरेको छ । शनिबार प्रदेशसभामा मन्त्री थपलियाले प्रदेश सडक यातायात गुरुयोजना बनाएर काम गर्न ७ अर्ब ७८ करोड बजेट विनियोजन गरेको जानकारी दिए । गुरुयोजनामा प्रदेश लोकमार्गमा २० वटा र प्रदेशमार्गमा २३० वटा सडक राखिएको छ । संघीय सरकारसँगको समन्वयमा प्रादेशिक सडकको निर्धारण गरेर गुरुयोजना बनाइएको हो । बागमती सरकारले सडक, पुल र झोलुङ्गे पुलका लागि २ अर्ब २८ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

स्थानीय तहलाई ८ अर्ब ३७ करोड रुपैयाँ वित्तीय हस्तान्तरण गर्ने प्रस्ताव गरेको छ । समानीकरण अनुदानतर्फ १ अर्ब ६६ करोड रुपैयाँ, सशर्त अनुदानतर्फ ३ अर्ब ४३ करोड रुपैयाँ, समपूरक अनुदानतर्फ २ अर्ब ४८ करोड रुपैयाँ, विशेष अनुदानतर्फ ७९ करोड ३८ लाख रुपैयाँ विनियोजन गर्ने प्रस्ताव गरिएको छ । प्रदेशमा सवारीचालक अनुमतिपत्र छपाइको लागि बजेट विनियोजन गरिएको छ । तर, संघीय सरकारले भने सवारीचालक अनुमतिपत्रको काम पनि राष्ट्रिय परिचयपत्रले गर्ने ब्यवस्था मिलाउने तयारी गरेको छ । समयमै सवारीचालक अनुमतिपत्र छपाइ गरी बितरण गर्न नसकेपछि राष्ट्रिय परिचयपत्रलाई आधार मान्ने तयारी गरिएको हो । स्थानीय तहको समन्वयमा रोजगार फण्डको व्यवस्था गरिने भएको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बागमती प्रदेशलाई प्लास्टिकरहित बनाउनका लागि १ करोड ६१ लाख रुपैयाँ विनियोजन गरेको छ । बागमती सरकारले प्रदेशलाई वातावरणमैत्री बनाउने र प्लास्टिकको प्रयोग रोक्न डेढ करोड रुपैयाँभन्दा बढी रकम विनियोजन गरेको हो । वातावरणमैत्री प्रदेश निर्माण, वातावरण सम्मेलन गर्ने, प्रमुख सहरका राजमार्ग र सडक छेउछाउमा वृक्षरोपणलगायत योजना अघि सारिएको छ । उच्चतापक्रम तथा जलवायु परिवर्तनका कारण तराईका खानेपानी मुहान सुक्ने जोखिम रोक्न चितवनका विभिन्न स्थानमा जलाधार संरक्षण गर्न आवश्यक रकम विनियोजन भएको छ । वन तथा वातावरण मन्त्रालयका लागि आगामी आर्थिक वर्षका लागि ३ अर्ब २१ करोड विनियोजन गरेको बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार ४ गते मंगलबार १८ जुन २०२४ । द्वादशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०० । तुलसीको बीज रोप्न ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विद्यार्थीका लागि लाभदायक | तुला | : दिन राम्रोसूग बित्नेछ |
| वृष | : सम्मानित काम हुनेछ | वृश्चिक | : चोट लाग्ने सम्भावना देखिन्छ |
| मिथुन | : धार्मिक काममा रुचि बढ्नेछ | धनु | : चिन्ता, भय र आशंका बढ्नेछ |
| कर्कट | : काममा एकरुपता आउनेछ | मकर | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| सिंह | : यात्राबाट लाभ हुनेछ | कुम्भ | : काममा प्रगति हुनेछ |
| कन्या | : धनको समस्या पार लाग्नेछ | मीन | : व्यापारमा लाभ हुनेछ |

# जनसम्पर्क कौशलमा चुकेको बौद्धिक वर्ग



✍ वैकुण्ठ पाण्डे

हामी पढेलेखेका मानिसलाई बौद्धिक वा बुद्धिजीवी भन्दछौं । बुद्धिजीवीहरु सूचनाका डिब्बा मात्र हुन् भन्न राम्रो हुन्छ । दिमागको देब्रे भागले गर्ने भनेको सूचना राख्ने मात्रै हो । तर्क-वितर्क, तथ्य-तथ्यांक, हर-हिसाब, नाफा-घाटा, लेन-देन, कसरी आफू माथि पर्ने, कसरी आफ्नालाई माथि तान्ने आदि काम गर्ने हाम्रो बायाँ दिमागले हो । ब्रह्माण्डका सारा सूचनाहरुको संग्रहण गरेर आफूलाई अब्बल देखाउने व्यक्तिलाई हामीले बुद्धिजीवी भनिआएका छौं । अनि हामी जीवनभरि पढेर यही कला सिक्दै आएका हुन्छौं । कथित बुद्धिजीवी मनुवाले वर्षौं लगाएर संग्रह गरेको सूचनाको आधारमा उसलाई राज्यले पदवी दिन्छ । यता सूचनाको भण्डार भएको तुजुक, अर्कोतिर राज्यको मान्यता । के चाहियो ? ऊ कसैलाई गन्दैन, कसैलाई सोझो मुखले बोल्दैन, बोल्यो भने आगो ओकल्छ ।

यस्तो लाग्छ- ऊ नहाँसेको ६ महिना भैसक्यो । अनुहारमा कुनै चमक छैन, शरीरमा कुनै औरा छैन, जीवनरस निकालेको उखुजस्तो । उसलाई हेर्दा मलाई दया लागेर आउँछ । अझ मजा त केमा आउँछ भने, ऊ विदेशी विश्वविद्यालयबाट पढेर आएको भन्ने गन्ध उसका प्रत्येक लवजहरुमा झल्किन्छन् तर उसमा जीवन हराइरहेको देखिन्छ, जिउनुको रस सुकिराखेको देखिन्छ । उसले बाँचेर हिँड्नुको सार्थकता बिर्सिरहेको म पाउँछु । यो सब देब्रे ब्रेनको करामत हो, जुन टुल प्रयोग गऱ्यो त्यसले गर्ने काम त्यहीअनुसार हुने हो । एक्सरे मेसिनबाट ज्वरो नाप्न सकिँदैन । ज्वरो नाप्न थर्मामिटर नै चाहिएजस्तै दया, करुणा, सद्भाव, मैत्री, प्रेम, शान्तिजस्ता भाव र व्यवहारको मापन गर्न देब्रे दिमागले सक्दैन । यसको निम्ति दायाँ दिमाग सक्रिय पार्नुपर्दछ, जुन हाम्रा विद्यालय र विश्वविद्यालयहरुको पाठ्यक्रममा समावेश गरिएका हुँदैन ।

हाम्रा बुद्धिजीवीहरु भेट्न सरकारी अड्डा, अदालत, विश्वविद्यालय जता जाऊँ सबै ठाउँमा देब्रे दिमागको बिगबिगी देखिन्छ । यस्ता मानिसप्रति मलाई असीम करुणा जाग्छ, उनीहरुको रवैया देखेर झन् हाँसो उठ्छ तर उसले कुरा बुझ्दैन, दम्भले गजधम्म परिराखेको हुन्छ । यो आम बुद्धिजीवीको मनोवृत्ति र कर्मव्यथा वा दुर्दशाको चित्रण हो ।

धेरै वर्षअघि एकजना पश्चिमा विद्वान्ले जनसम्पर्क कौशल (सफ्ट स्किल्स) सम्बन्धी एकदिने कक्षा दिनुभयो । यसको अर्थ र फाइदाहरुबारे राम्रो जानकारी प्राप्त भयो । एक-दुईजना प्रोफेसरसँग मैले यसबारे जिज्ञासा राख्दा उहाँहरु अनभिज्ञ देखिनुभयो । म अरु केही पश्चिमा विद्वान्हरुको सम्पर्कमा रहेर छोटो समय काम गर्दा सफ्ट स्किल्ससम्बन्धी अवधारणामा उनीहरु अभ्यस्त भएको पाएको थिएँ । विदेशका प्रोफेसरहरु एकदमै प्रेरणादायी, सहयोगी र सफदयी हुँदारहेछन् भनेर हाम्रा भाइ, छोराछोरीहरुले विदेशबाट खबर सुनाइराख्छन् । तर तिनीहरुकै देशमा पढेर आएका हाम्रा विद्वान्हरुले त्यो पाएनन् त भन्नै सकिन्न, बरु हाम्रा मानिसले त्यो संस्कृति उतै छोडेर आएछन् । केही त फरक छ होला हाम्रोमा र उनीहरुकोमा । भौतिकरुपमा हामी सम्पन्न नभए तापनि सिस्टम त राम्रो बनाउन सक्छौं होला नि । कामप्रतिको समर्पण र विद्यार्थीलाई भगवान् देख्ने अनि उनीहरुको सफलतामा आफ्नो सफलता देख्ने संस्कृतिको विकास त हामी गर्न सक्छौं होला नि । त्यो उनीहरुले प्रयोगात्मक रुपले गरेर अगाडि बढेका हुन्जस्तो लाग्छ । के रहेछ त जनसम्पर्क कौशल अर्थात सफ्ट स्किल्स ?

यो व्यक्तिमा निहित व्यापक क्षमताको एकीकृत प्रक्षेपण हो, जुन निम्नानुसार रहेका छन् :

क) सम्प्रेषण कौशलहरु : पर्याप्त सूचना र तिनको कुशलतापूर्वक सम्प्रेषण गर्ने क्षमता ।
ख) टिम वर्क : सदस्य वा सहकर्मीहरुसँग राम्रो तालमेल, सामूहिक प्रयासमा योगदान गर्ने र फरक दृष्टिकोणहरुको मूल्यांकन ।
ग) समस्या समाधान र आलोचनात्मक चेत : परिस्थितिहरुको विश्लेषण गर्ने, निर्णय गर्ने र रचनात्मक र तार्किकरुपमा समस्याहरु समाधान गर्ने ।
घ) भावनात्मकता : आफ्ना भावनाहरुलाई पहिचान गर्ने, बुझ्ने र व्यवस्थापन गर्नुको साथै अरुप्रति सहानुभूति राख्ने ।
ङ) लचकता : अग्रगामी परिवर्तनका लागि खुला रहनु र नयाँ परिस्थितिमा समायोग गर्न जान्नु ।
च) द्वन्द्व समाधान : असहमतिहरुलाई रचनात्मक रुपमा समाधान गर्न सक्ने क्षमता ।
छ) कार्य नैतिकता : विश्वसनीयता, जिम्मेवारी र आफ्नो कामप्रति बलिया प्रतिबद्धता ।
ज) नेतृत्व : अरुलाई मार्गदर्शन गर्ने, प्रेरित गर्ने र साझा लक्ष्य हासिल गर्न अग्रणी भूमिका खेल्ने ।

मानवजीवनमा जनसम्पर्क कौशलता अति नै महत्वपूर्ण हुन्छ । मानिसको योग्यता छ तर यो कुशलता जीवनमा छैन वा अति कम छ भने ऊ उर्लंदो खहरेजस्तो हुन्छ । कवि शिरोमणि लेखनाथ पौड्यालले लेख्नुभएको छ-

'कसैको लोकमा छैन एकैनास समुन्नति, अरुको के कुरा हेर, सन्ध्यामा सूर्यको गति । छोटो बढेपछि भारी फूर्ति ढाँचा बढाउँछ, उर्लंदो खहरे हेर कत्तिको गड्गडाउँछ ।' सानैदेखि छुचो हुन्छ दुष्ट मानिसको मति, घोच्ने ती जंगली काँडा पहिले नै तिखा कति । उपकारी गुणी व्यक्ति निहुँरिन्छ निरन्तर, फलेको वृक्षको हाँगा नझुकेको कहाँ छ र !'

अत: जनसम्पर्क कौशलको अभावमा मानिस कस्तोसम्म हुन्छ भन्ने कुरालाई बडो मार्मिक पाराले कविवरले प्रस्तुत गर्नुभएको छ । यस प्रकारले जनसम्पर्क कौशलले सूचनाको प्रभावकारी सम्प्रेषणलाई प्राथमिकतामा राखेको हुन्छ, जुन मानव अन्तरक्रियाको आधार हो । यस कौशलले अरुको भनाइलाई राम्रोसँग सुन्नुपर्ने कुरामा जोड दिन्छ र आफ्ना भनाइहरुलाई स्पष्टरुपमा अभिव्यक्त गर्ने कलाको विकास हुनुपर्ने कुरामा विषेश जोड दिन्छ । यसबाट व्यक्ति-व्यक्तिबीचको सम्बन्धमा मधुरता आउँछ । कार्यस्थलमा टिमसँग राम्रो तालमेल गर्न, परिवर्तशील वातावरणमा समायोजन गर्न, प्रभावकारीरुपमा संवाद गर्न र समस्या समाधानका उपायहरु खोज्न मद्दत मिल्छ । यसले कार्य संस्कृतिलाई योगदान गर्नुको साथै संगठनात्मक सफलता हासिल गर्न मद्दत पुऱ्याउँछ ।

मानव समाज अति तीव्ररुपमा परिवर्तन भइराखेको हुन्छ । मानिसका भावना, चाहना र आकांक्षाहरु, सोख र रुचिहरुसमेत क्षणक्षणमा परिवर्तन भइरहन्छ । यसै गरी विज्ञान र प्रविधिको अनेकौं चमत्कारहरुको कारण मानिसको व्यवहारमा समेत ठूलो रुपान्तरण हुँदै आएको छ । यस परिस्थितिमा विभिन्न चुनौतिहरुसमेत सँगसँगै मौलाउँदै गएको पाइन्छ । अत: जनसम्पर्ककौशलले यी सारा गतिशीलताहरुलाई बुझेर तिनीहरुसँग अनुकूलन गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ । अझ महत्वपूर्ण कुरो यसले व्यक्तिको आत्मगत अवस्था मजबुत पार्ने काम गर्दछ । आत्मप्रेम, उत्साह र उच्च नैतिकताको अभिवृद्धिसँगै एक व्यक्तिको व्यक्तित्व निर्माणको जग निकै बलियो बन्न जान्छ, जसलाई सानातिना बाधा, अवरोध, प्रलोभन, स्वार्थहरुले वश गर्न सक्दैन । यसको जगमा बन्ने समाज निकै नैतिकवान्, एक्ताबद्ध र कर्तव्यपरायण बन्दछ । समाजको उत्पादकत्व बढाउनुको साथै समग्र मानवजीवनको गुणस्तर सुधार गर्न मद्दत मिल्छ । यस प्रकार जनसम्पर्क कुशल मानवजीवनमा अपरिहार्य छ । जनसम्पर्क कुशलले सञ्चार, सम्बन्ध निर्माण, व्यावसायिक सफलता, अनुकूलता, व्यक्तिगत विकास, आपसी विश्वास र पारस्परिक सम्मानको वातावरण प्रवर्द्धनमा कोसेढुंगा साबित हुन्छ ।

व्यक्तित्व विकासदेखि समाज र राष्ट्रको विकासको आधारस्तम्भको रुपमा रहेको यति महत्वपूर्ण कुरालाई हामीले हाम्रा शैक्षिक संस्थाहरुमा किन लागू गर्न सकेनौं ? निकोलो म्याकियाभेलीको शिक्षा नीतिलाई हुबहु लागू गर्दा हाम्रो समाज पूरै ध्वस्त भयो । हामी हाम्रा विरासतलाई तिलाञ्जलि दिँदै गएर समाजलाई कुरुप पार्दै छौं । तर उनको नीति पश्चिमा देशहरुले प्रतिस्थापन गरेर सफ्ट स्किलजस्ता नयाँ नीति मात्र होइन हाम्रा पूर्वीय दर्शनहरुको अनुशरण गर्दै समाजलाई अझ बजबुत र एकताबद्ध पार्दै लगेका छन् । यति धेरै बेथिति, यति धेरै भ्रष्टाचार र अराजकता, यति धेरै कानुनी राज्यको मजाक, लाजै लाग्ने गरी अदालतलगायत संवैधानिक निकायहरुमा राजनीतीकरणलाई गणतन्त्रको जामाले धेरै ढाक्न सक्लाजस्तो लाग्दैन । सशस्त्र क्रान्तिपछि स्थापित व्यवस्थाले पनि गर्न नसकेको सुधार अब कुन र कस्तो व्यवस्थाले गर्ला ? फगत राजनीतिक परिवर्तनले यो सुधार हुनेवाला छैन । मिर्जा गालिबको चर्चित सायरीले यो विषयवस्तुको कति राम्रोसँग चित्रण गरेको छ- 'इन्सान घर बदलता है, लिवास बदलता है, रिश्ते बदलता है, दोस्त बदलता है । फिर भी परेसान क्यों ? क्यों कि वो खुदको नहीं बदल सकता है । उम्र भर गालिब ने उही भूल करता रहा, धुल चेहरे पे थी और आइना साफ करता रहा ।'

माथि कविवर लेखनाथ पौड्याल र उर्दू शायर मिर्जाले उठान गरेका कुराहरुबाट प्रस्ट हुन्छ, किन चुक्छ बौद्धिकवर्ग भनेर । हाम्रा कार्यालयहरुमा सर्वसाधारण गइसक्नुछैन बिचौलियाहरुको बिगबिगी छ, यदि बिचौलिया छैन भने पनि कर्मचारी बन्धुहरुको हालत माथि उल्लेख भएजस्तै छ । गाउँ तहको एउटा कर्मचारी वा जनप्रतिनिधिको गल्तीलाई पक्रेर उसको फेरो समायौं भने केन्द्रसम्म हल्लिन पुग्दछ । कति बलियो कनेक्सन, कति राम्रो सञ्जाल ? नेपालको कुनै यस्तो निकाय छैन होला, जहाँ चार्वाकवादी बुद्धिजीवी नहुन् । 'मै खाऊँ मै लाऊँ, सुखसयल वा मोज म गरुँ' भन्ने प्रवृत्ति नै चार्वाकवादी प्रवृत्ति हो । यसलाई चिर्न कुनै क्रान्ति वा वादले सक्दै सक्दैन । बरु यसको निम्ति जनसम्पर्क कौशल र नैतिक मूल्यमा जोडी दिने छुट्टै क्रान्तिको आवश्यकता देखिन्छ । यसबारे बहस र चिन्तन गरौं । हाम्रा सोंचहरु, कार्यशैलीहरु, भावनात्मक तथा संवेगात्मक पक्ष सबैतिर पुनर्विचार गरिनुपर्दछ । परिवर्तन सम्भव छ तर पहिला त्यो दिशातर्फ पाइला त चालेर हेरौं ।

*(साभार: नेपाल समाचार-पत्र)*

# 'युक्रेन-रूस संकट दुई राज्य बीचको द्वन्द्व होइन'

✍ भ्लादिमिर पुटिन

विना कुनै अतिरञ्जना भन्नु भर्दा आज रूस र संसारभरि कैयौं महत्वपूर्ण मोडहरू आए । त्यसैले वैश्विक र क्षेत्रीय मामिलामा वर्तमान अवस्थाको मूल्यांकन र उपयुक्त विदेश नीति सहितका कामहरू तय गर्नु जरूरी छ । ती सबै हाम्रो मुख्य लक्ष्यको अधीन छन्, ती हुन्- रूसको दिगो विकासका लागि परिस्थिति बनाउने, यसको सुरक्षा सुनिश्चित गर्ने र रूसी परिवार कल्याणको अवस्था सुधार्ने ।

आधुनिक, कठिन र तीव्र रूपमा बदलिइरहेको यथार्थका बीच यो दिशामा काम गर्नका लागि हामी सबैको अझ बढी प्रयास, पहल, दृढताले विद्यमान चुनौतीको जवाफ दिने क्षमता मात्र राख्दैन, बरु आफू स्वयंको र दीर्घकालीन रूपमा एजेन्डा तयार गर्ने, सहभागिताका साथ एक खुला र रचनात्मक छलफलको ढाँचाभित्र ती आधारभूत सवालहरूको हल गर्ने विकल्पको प्रस्ताव र छलफल गर्नुपर्ने आवश्यकता छ जस बारे हामी मात्र होइन, सिंगो विश्व समुदाय नै चिन्तित छन् ।

हामीले अन्तर्राष्ट्रिय समुदायले पनि सरोकार राख्ने आधारभूत सवालको सम्भावित समाधान प्रस्ताव गर्नुपर्दछ । संसार द्रुत गतिमा परिवर्तन हुँदैछ । विश्व राजनीति, अर्थतन्त्र र प्राविधिक प्रतिस्पर्धा पहिले कहिल्यै नभएको अवस्थामा छ । धेरै देशहरू आफ्नो सार्वभौमसत्ता, आत्मनिर्भरता, राष्ट्रिय तथा सांस्कृतिक पहिचान बलियो बनाउन प्रयासरत छन । ग्लोबल साउथ र पूर्वका देशहरू अगाडि आउँदैछन् । अफ्रिका र ल्याटिन अमेरिकाको भूमिका बढ्दै छ । सोभियतकालदेखि नै हामीले यी क्षेत्रको भूमिकालाई स्वीकार गरेका हौं ।

तर, आजको गतिशीलता विल्कुलै बदलिएको छ, यो महत्वपूर्ण हुँदैछ । युरेसियामा परिवर्तनको गतिले उल्लेखनीय रूपमा तीव्र भएको छ, जहाँ धेरै ठूला-ठूला एकीकरण परियोजनाहरू सक्रिय रूपमा कार्यान्वयन भइरहेका छन् । नयाँ राजनीतिक तथा आर्थिक वास्तविकताले उदीयमान बहुध्रुवीय र बहुपक्षीय विश्वको जगको काम गरेको छ । र, यो एक अपरिहार्य प्रक्रिया हो । कृत्रिम एकीकरणका सबै प्रयासका बाबजुद यसले सांस्कृतिक र सभ्यताको विविधतालाई प्रतिबिम्बित गर्दछ, जो मानवताको स्वाभाविक अंश हो ।

बहुवीयता र बहुपक्षीयताको स्थापना आशा र आशावादितालाई प्रेरित गर्ने प्रणालीगत परिवर्तन हुन् । यसले राज्यहरू बीच साझा कल्याण र सुरक्षाको पारस्परिक तथा लाभदायिक सम्बन्ध र सहयोग निर्माण गर्न सम्भव बनाउँछ । भविष्यका लागि यस्तो दृष्टिकोण बहुसंख्यक देशहरूको आकांक्षासँग मेल खान्छ । हामीले अध्यक्षता गरिरहेको संस्था ब्रिक्समा हामीले यसको उपयोग गर्नुपर्दछ । अक्टोबरमा हुने कजान ब्रिक्स शिखर सम्मेलनलाई हामी बहुवीय विश्व व्यवस्थाको एक मुख्य नियामक संस्था बनाउने छौं । हाम्रो दृष्टिकोण यो हुनेछ कि कसैको सुरक्षाको सुनिश्चितता कसैको सुरक्षाको मूल्यमा आधारित हुन सक्दैन । बीसौं शताब्दीको अन्त्यतिर सघन सैन्य र विचारधारात्मक भिडन्तको अन्त्यपछि अन्तर्राष्ट्रिय समुदायलाई दिगो र न्यायपूर्ण सुरक्षा व्यवस्था निर्माण गर्ने अद्वितीय अवसर थियो ।

यसका लागि धेरै ठूलो फेरबदल आवश्यक थिएन । सबै इच्छुक पक्षको राय सुन्ने क्षमता र विचारलाई ध्यानमा राख्ने आपसी इच्छा भए पुग्थ्यो । हाम्रो देश यस प्रकृतिको कार्यमा संलग्न हुन कटिबद्ध थियो । यद्यपि फरक दृष्टिकोण प्रचलित थिए । अमेरिकी नेतृत्वमा भएका पश्चिमा देश यो विश्वास गर्थे कि उनीहरूले शीतयुद्ध जितेका हुन् र अबको विश्वलाई कसरी व्यवस्थित गर्ने भन्ने निर्णय लिने अधिकार उनीहरूलाई छ । यस दृष्टिकोणको व्यावहारिक अभिव्यक्ति नेटोको असीमित विस्तार योजना थियो । युरोपको सुरक्षाका लागि त्यस योजनाको वैकल्पिक विचार अस्तित्व र उपाय थिए । तर, त्यतातिर ध्यान दिइएन ।

उनीहरूले हाम्रो जायज सरोकारको उत्तर नेटो विस्तारको उद्देश्य रूसमाथि आक्रमण गर्नु नभएको भन्ने दिँदै आए । तर, उनीहरूले सन् १९८० को दशकमा सोभियत संघ र सन् १९९० को दशकमा त्यसपछिको रूसलाई दिएको नेटोका नयाँ सदस्य नथप्ने आश्वासन बिर्से । त्यो आश्वासनलाई उनीहरूले कानुनी रूपमा बाध्यकारी नभएको मौखिक आश्वासनको रूपमा खारेज गरे । तर, रूसले त्यो आश्वासन सम्झाइरह्यो र त्यस्तो गल्ती नगर्न भनिरह्यो । हामीले युरोपेली सुरक्षाको वैकल्पिक उपायको प्रस्ताव पनि गऱ्यौं । सन् २००८ को युरोपेली सुरक्षा सन्धिको विचार त्यस्तै एउटा प्रस्ताव थियो ।

हामी बाल्कन त्रासदी सम्झौं । युगोस्लाभियाका आन्तरिक समस्या थिए । तर, नेटोको हस्तक्षेपले तिनलाई झनै खराब बनाए । त्यसपछि इराक, सिरिया, लिबिया, अफगानिस्तानमा पनि त्यस्तै भयो । नेटोले कुनै पनि देशको आन्तरिक मामिलामा प्रवेश गर्ने छैन भन्ने आफ्नो मूल सिद्धान्त नै उल्लंघन गऱ्यो ।

यी हस्तक्षेपले समस्यालाई घटाउने हैन, बढायो । लाखौं मानिसले जीवन गुमाए । ती राज्यहरू तहसनहस भए । आज पश्चिमले मध्यपूर्व मामिलामा निर्लज्जतापूर्वक हस्तक्षेप गर्न खोजिरहेको छ । दुई वर्ष अघिको नेटो म्याड्रिड शिखर सम्मेलनमा युरो-एट्लान्टिक मात्र नभई एशिया-प्रशान्त क्षेत्रमा समेत प्रवेश गर्ने भनियो । यो पनि सम्झना गरौं कि वासिङ्गटन एकपक्षीय रूपमा क्षेप्यास्त्र विरोधी प्रतिरक्षा सन्धिबाट पछि हट्यो ।

पश्चिमा देशहरूको आत्मकेन्द्रित र अहंकारले आज हामीलाई अत्यन्तै खतरनाक अवस्थामा पुऱ्याएको छ । सबैभन्दा ठूलो आणविक हतियार भण्डार रूसलाई रणनीतिक रूपले पराजित गर्ने तिनको आह्वानभित्र चरम लपरवाही छ । हामी युरो-एट्लान्टिक क्षेत्रको सुरक्षा पुनर्संरचनाका लागि युरेसियन क्षेत्रमा आफ्नै रणनीति स्थापित गर्न चाहन्छौं । भर्खरैको चीन भ्रमणमा राष्ट्रपति सी जिनपिङ र मैले यस विषयमा छलफल गरेका छौं । रूसका प्रस्ताव चीनको 'ग्लोबल सेक्युरिटी इनिसिएटिभ' सँग अन्तरविरोधी हैन, पूरक छन् ।

दोस्रो कुरा-यो प्रस्ताव भविष्यमा यसमा सामेल हुन चाहने सबै युरेसियन देशका लागि खुल्ला छ । ती युरोपेली र नेटो देश पनि हुन सक्दछन् । हामी मिलेर बस्नु, बाँच्नु र काम गर्नुपर्छ । हामीलाई थाहा छ, महाद्वीप साझा छ, भूगोल परिवर्तन हुन सक्दैन । यो सत्य हो कि धेरै युरोपेली देशसँग हाम्रो सम्बन्ध बिग्रेको छ । तर, त्यसका लागि हामी मात्र दोषी छैनौं । युरोपको असुरक्षा र खतरा रूसबाट सुरु हुँदैन । युरोपको खतरा बरु अमेरिकामाथि बढ्दो निर्भरता हो ।

अमेरिकाले आफ्नो फाइदाका लागि युरोपको शोषण गर्ने गरेको छ । आज अमेरिका आफ्नो युरोपेली साझेदारलाई युक्रेनलाई थप हतियार र बजेट सहयोग गर्न दबाब दिँदैछ । यदि युरोप यो धर्तीमा आफ्नो सांस्कृतिक तथा सभ्यतागत अस्तित्व र पहिचान कायम राख्न चाहन्छ भने रूससँग मित्रवत् हुनुपर्दछ । अमेरिकाले युरोपलाई कथित उदार विचारधाराका लागि प्रयोग गर्दैछ भन्ने युवा पुस्ताका युरोपेली राजनीतिज्ञले बुझ्नुपर्दछ ।

युरेसियन देशहरूले भने आफ्नो मार्ग तय गरिसकेका छन् । युरेसियन सहायता, सुरक्षा र आर्थिक सहकार्यको प्रारूप बन्दै गएको छ । हामी युरेसियन संघमा मध्यपूर्व र दक्षिणपूर्वी एशियाली देशलाई थप्ने सोचिरहेका छौं । एक्काइसौं शताब्दीमा बहुवीयता र युरेसियन विविधताको दूरदृष्टि प्रस्तुत भइसकेका छन् ।

युक्रेन युरेसियन सुरक्षा प्रणाली र व्यवस्थाको एक महत्वपूर्ण सवाल हो । म यो प्रष्ट गर्न चाहन्छु कि युक्रेनसँग जोडिएको संकट दुई राज्य वा दुई देशका जनताबीचको समस्याबाट उत्पन्न द्वन्द्व हैन । यदि त्यसो हुन्थ्यो त साझा इतिहास, संस्कृति, आध्यात्मिक मूल्य र लाखौं पारिवारिक तथा मानवीय सम्बन्ध भएका रूसी र युक्रेनीले कुनै पनि विवाद र असहमतिको निष्पक्ष समाधान भेट्टाउन सक्थे भन्ने कुरामा कुनै शंका छैन । तर, यो द्वन्द्वको जरा द्विपक्षीय नभएकोले यस्तो अवस्था आएको हो । युक्रेनको घटना बीसौं शताब्दीको उत्तरार्ध र एक्काईसौं शताब्दीको प्रारम्भिक विश्व र युरोपेली घटनाक्रमको प्रत्यक्ष परिणाम हो । पश्चिमाहरूले शीतयुद्ध जितेको भानमा जुन विश्व व्यवस्था बनाउन खोजे, त्यसैको नतिजा हो ।

तिनले सोभियत संघका विघटन र रूसको विभाजनलाई जायज ठहऱ्याउने प्रयत्न गर्दै आएका छन् । नेटोको विस्तारबाट रूसलाई घेर्ने र हाम्रो नजिकका क्षेत्रलाई सैन्य तथा राजनीतिक रूपमा अवशोषित गर्ने लक्ष्यसँग हामी यो लडाइँ लडिरहेका छौं । तिनले हाम्रो अन्तर-राज्य सम्बन्धलाई कमजोर पार्न, हामीलाई विभाजित गर्न र हाम्रा मान्छेहरूलाई एकअर्का विरुद्ध प्रयोग गर्न सम्भव सबै उपाय गरे । युक्रेन बृहत् रूसको एक हिस्सा थियो । तर, १९९१ को युक्रेनी स्वतन्त्रताले पनि तिनको चित्त बुझेन ।

युक्रेनी राष्ट्रपति र राष्ट्रपतिका आकांक्षीले भोटका लागि दक्षिणपूर्वी युक्रेनका लाखौं जनतालाई ढाँटे । तर, जितेपछि 'युरोपेली छनोट' को कुरा गर्न थाले । दक्षिणपूर्वी युक्रेनी जनता संस्कृति, इतिहास र मनोभावनाले रूसी परिवार जस्तै हुन् । जातीय हिसाबले ती फरक भए पनि एउटै भाषिक समुदाय हुन् । ती हाम्रै समुदाय हुन् । तिनीहरूमाथि युक्रेनी अतिराष्ट्रवादीद्वारा उपद्रो, हत्या र हिंसा थोपरियो ।

अन्तत: कट्टरपन्थी राष्ट्रवादीहरूले किभको सत्ता कब्जा गरे । उनीहरूका आक्रामक नारा र नाजी गुन्डागर्दीको पुनर्स्थापनालाई राज्यको विचारधारा बनाइयो । तिनले राज्य र समाजमा रूसी भाषा समाप्त पार्ने नीति लिए । अर्थोडक्सी अनुयायीलाई दबाबमा राखेर चर्चमाथि हस्तक्षेप गरे । यस्ता सबै कामलाई रूस विरुद्ध हुन् भनेर अनुमति दिइयो ।

सबैलाई थाहा छ- युक्रेनका लाखौं मानिस, विशेषत: पूर्वी क्षेत्रका जनता यसको विरुद्ध विद्रोहमा आए । तिनीमाथि आतंक, दमन र हिंसा थोपरियो । आफ्नै जनतामाथि एक प्रकारको भीषण आन्तरिक युद्ध लादियो । किभ अधिकारीहरूले रूसी भाषी क्रिमियालीमाथि आक्रमण गर्न थाले । क्रिमिया सन् १९५४ मा कानुन र प्रक्रियाका सबै मापदण्ड उल्लंघन गर्दै त्यतिबेला सोभियत संघमा प्रभावी भएको बाट युक्रेनमा हस्तान्तरण गरिएको थियो ।

*(साभार: अनलाइनखबर)*

# आर्थिक वर्षको अन्तिममा घरजग्गा कारोबार र राजस्वमा सुधार

काठमाडौं/चालु आर्थिक वर्ष (आव) को अन्तिमतिर पुग्दा घरजग्गा कारोबारसँगै सरकारको राजस्वमा पनि सुधार देखिएको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांक अनुसार चालु आर्थिक वर्षको जेठ महिनामा अघिल्ला महिनाहरू र गत आवको सोही महिनाको तुलनामा लिखत पारित र राजस्व दुवैमा सुधार देखिएको छ ।

आवको अन्तिमतिर आउँदा लिखत पारित उललेख्य रूपमा बढेको देखिन्छ । आर्थिक वर्षको बीचमा केही महिना गत वर्षभन्दा कम देखिएको राजस्व संकलन वैशाख र जेठमा भने उल्लेख्य रूपमा बढेको देखिन्छ ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांक अनुसार चालु आवको जेठ मसान्तसम्म ४ लाख ९१ हजार ११८ लिखत पारित भएको छ । उक्त लिखत पारित हुँदा ३७ अर्ब ३९ करोड ६५ लाख रुपैयाँ राजस्व संकलन भएको छ ।

गत आवको जेठसम्म ४ लाख १८ हजार ८३७ वटा लिखत पारित हुँदा ३३ अर्ब ८८ करोड ३३ लाख राजस्व संकलन भएको थियो । लिखत पारितले चालु आव घरजग्गा कारोबार संख्यात्मक रूपमा राम्रो सुधार भएको देखाउँछ । तर, कारोबार बढेको अनुपातमा राजस्व भने बढेको छैन । जग्गा मूल्यांकन बढी भएको भन्दा कम भएको स्थानमा कारोबार वृद्धि हुँदा लिखत पारित संख्या बढे पनि कारोबार राजस्वमा वृद्धि हुन नसकेको घर जग्गा व्यवसायी बताउँछन् ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागका अधिकारीहरू पनि बढी मूल्यांकन भएको सहरी क्षेत्रभन्दा कम मूल्यांकन भएको ग्रामीण क्षेत्रको जग्गा कारोबार बढेर राजस्व कम भएको हुन सक्ने बताउँछन् । यस्तै लिखत पारितमा दृष्टिबन्धक अंशबन्डा लगायत अन्य कारोबार पनि हुने भएकाले लिखत पारित हुँदैमा सबै राजीनामाका लिखत मात्रै नहुने भएकाले पनि लिखत पारित बढ्दैमा जग्गा कारोबार वृद्धि नहुने उनीहरूको तर्क छ ।

दृष्टिबन्धक लिखतमा र जिस्ट्रेसन दस्तुर नलाग्ने र शुल्क मात्रै लाग्ने हुँदा दृष्टिबन्धक लगायत कारोबार बढ्दा राजस्व बढ्दैन । यस्तै बागमती प्रदेशमा सहकारी दृटिबन्धक लिखतमा शुल्क पनि नलाग्ने आदेश सर्वोच्च अदालतबाट आएका कारण राजस्व प्रभावित भएको विभागको बुझाइ छ ।

घरजग्गा किनबेचमा लाभकर र रजिस्ट्रेसन दस्तुर जति अंशबन्डामा नहुने भएकाले अंशबन्डाले लिखत पारित वृद्धि हुँदा राजस्वमा कम योगदान हुने विभागले जनाएको छ ।



पुसदेखि नै गत आर्थिक वर्षको तुलनामा न्युन राजस्व संकलन भएको वैशाख र जेठमा भने राजस्व पनि उल्लेख्य रूपमा बढेको हो । जेठमा लिखत पारित गत आवको सोही अवधिको तुलनामा ११.०६ प्रतिशतले बढेर ६१ हजार १६१ पुगेको छ । गत आवको सोही अवधिमा लिखत पारित ५५ हजार ६९ मात्रै थियो । यस्तै गत आवको वैशाखमा ४२ हजार ४६१ रहेको लिखत पारित चालु आवमा १७.२४ प्रतिशतले बढेर ४९ हजार ७८२ पुगेको छ । चालु आर्थिक वर्षमा समग्रमा लिखत पारित १७.२६ प्रतिशतले बढेको हो ।

चैतसम्म लिखत पारितमा वृद्धि भएपनि राजस्व भने गत आवको तुलनाम कम थियो । तर, वैशाख र जेठमा बढेको राजस्वले गत आवको तुलनामा बढेको छ । वैशाखमा ३ अर्ब ८६ करोड ३८ लाख रुपैयाा राजस्व संकलन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभाको तथ्यांक छ । गत आवमा ३ अर्ब १० करोड ४८ लाख राजस्व संकलन भएकोमा चालु आवको वैशाखमा बढेको हो ।

जेठमा भने चालु आवको सबैभन्दा धेरै राजस्व संकलन भएको छ । आर्थिक वर्षकै सबैभन्दा धेरै लिखत पारित समेत भएको जेठमा ४ अर्ब ३३ करोड ९२ लाख राजस्व संकलन भएको छ । गत आवको जेठमा ३ अर्ब ७५ करोड ६० लाख रहेको राजस्व चालु आवाको सोही अवधिमा १५.५३ प्रतिशतले बढेको हो । नेपाल राष्ट्र बैंकले घरजग्गा कारोबार सहज बनाउने भन्दै चालु आवको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षा मार्फत ५० लाखसम्मको आवासीय घर कर्जाको कर्जा आम्दानी अनुपात बढाएको थियो । त्यसमा परिमार्जन गर्दै मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा मार्फत कर चुक्ता प्रमाणपत्रको आधारमा घरजग्गा खरिदका लागि सबै कर्जामा कर्जा आम्दानी अनुपात बढाएर ७० प्रतिशत पुऱ्याएको छ ।

'घर जग्गा खरिद प्रयोजनका लागि ऋण भुक्तानी आम्दानी अनुपातलाई सहजीकरण गरी कर चुक्ता प्रमाण पेस गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिने छ,' मौद्रिक नीतिको तेस्रो त्रैममासिक समीक्षामा भनिएको छ ।

जेठ पहिलो साता आएको मौद्रिक नीति समीक्षाले व्यक्तिगत रूपमा घरजग्गाको किन्ने वा कारोबरा गर्नेलाई थप सहज बनाएको छ । यस्तै धितो मूल्यांकन आधारमा कर्जा पाउने सीमा (लोन टु भ्यालु रेसियो) पनि उपत्यकाभित्र ३० प्रतिशतसम्म झारेकोमा त्यसलाई बढाउँदै लगेर ५० प्रतिशत कायम गरिएको छ ।

आवासीय घर कर्जाको सीमा १ करोड ५० लाखबाट बढाएर २ करोड पुऱ्याइएको छ । यस्तै रियल इस्टेट सम्बन्धी कर्जाको जोखिम भार १ सय ५० बाट घटाएर १ सय २५ प्रतिशत कायम गरिएको छ ।

व्यवसायीहरू घरजग्गा कारोबार बढ्न आवासीय घर कर्जाको लोन टु भ्यालु रेसियो अझै लचिलो हुनुपर्ने र कर्जा आम्दानी अनुपातमा व्यक्तिगत रूपमा सम्बोधन भएपनि व्यावसायिक रूपमा हुने कारोबारमा पनि सम्बोधन हुनुपर्ने उनीहरूको माग छ ।

नेपाल जग्गा तथा आवास विकास महासंघ अध्यक्ष भेषराज लोहनी समग्र अर्थतन्त्रमा नै 'कन्फिडेन्ट लुज' हुँदा त्यसको प्रभाव घरजग्गा कारोबारमा परेको बताउँछन् । राष्ट्र बैंकले आंशिक रूपमा सम्बोधन गरेको तर, व्यावसायिक रियलइस्टेटमा अझै पनि माग सम्बोधन नभएको उनको तर्क छ ।

बैंकरहरू भने सहकारीमा देखिएको समस्याले गर्दा पनि घर जग्गा कारोबारमा समस्या देखिएको बताउँछन् । विगतमा सहकारीले अनौपचारिक रूपमा जग्गामा लगानी गर्ने गरेको भए पनि अहिले सहकारीले लगानी गर्ने अवस्था नहुँदा समस्या देखिएको एक बैंकरले बताए ।

बैंकिङ क्षेत्रमा पर्याप्त लगानीयोग्य स्रोत र ब्याजदर घटेको तथा राष्ट्र बैंकले नीतिगत लचकता अपनाउँदै जाँदा पनि रियल इस्टेटमा कर्जाको माग उल्लेख्य रूपमा बढ्न नसकेको बैंकर्सको तर्क छ । गत आव फागुनमा १३.०३ प्रतिशतसम्म पुगेको कर्जाको भारित औसत ब्याजदर चालु आवको वैशाखम मसान्तमा आउँदा १०.३६ प्रतिशतमा झरेको छ ।

बैंकिङ प्रणालीमा ६ खर्बभन्दा बढी लगानीयोग्य तरलता छ । सरकारले चालु आव पहिलो त्रैसासमा भू-उपयोग नियमावली संशोधन मार्फत जग्गा कित्ताकाटमा समेत सहजीकरण गरिसकेको छ । राष्ट्र बैंकले आवासीय घर कर्जा सीमा बढाउनुका साथै स्वीकृति लिएर सञ्चालन भएको आवास विकास परियोजनाको कर्जामा जोखिम भार समेत घटाएको छ । नीतिगत रूपमा सहजीकरण गर्ने र कर्जा सहज बन्दै जाँदा पनि आर्थिक वर्षको अन्तिमतिर घरजग्गा कारेबारमा केही सुधार देखिएको छ ।

**राजस्व संकलनमा सहरी क्षेत्र, लिखत पारितमा मधेश अगाडि**

समग्र अर्थतन्त्र नै अपेक्षित विस्तार हुन नसक्दा घर जग्गा कारोबारमा समेत सुधार देखिन सकेन । चालु आव घरजग्गा लिखत पारितमा वृद्धि भए पनि यसबाट संकलन हुने राजस्व भने बढ्न सकेको छैन ।

जेठमा धेरै लिखत पारित हुनेमा नयाँ सहरका रूपमा विकास भइरहेका जिल्ला मालपोत कार्यालय अगाडि देखिन्छन् । तर, राजस्व संकलनमा भने लगनखेल, भक्तपुर, काठमाडौं जिल्लाका मालपोत कार्यालय अगाडि देखिन्छन् । ती मालपोत कार्यालयमा लिखत पारित कम हुँदा पनि बढी राजस्व संकलन भएको छ ।

जेठमा सबैभन्दा धेरै लिखत पारित भूमि सुधार तथा मालपोत कार्यालय इनरुवामा भएको छ । उक्त मालपोतमा जेठमा २ हजार ३७६ लिखत पारित भएको छ । धनुषाको जनकपुरधाम मालपोत कार्यालयबाट २ हजार ३४८, झापाको भद्रपुर मालपोत कार्यालयबाट १ हजार ९८१, मोरङको बेलबारी मालपोत कार्यालयमा १ हजार ९५८ लिखत पारित भएको छ ।

भूमि सुधार तथा मालपोत कार्यालय राजविराज, सप्तरीबाट १ हजार ७२९ वटा लिखत पीरत भएको छ । सर्लाहीको मलंगवा मालापोतबाट १ हजार ५७८, पर्सा मालपोत कार्यालयबाट १ हजार ५५४ वटा, महात्तरीको जलेश्वर मालपोत कार्यालयबाट १ हजार ५०८ वटा लिखत पारित भएको छ । यसैगरी बाराको कलैया मालपोतबाट १ हजार ३७० लिखत पारित हुँदा कैलालीको धनगढी मालपोतबाट १ हजार ३३५ लिखत पारित भएको विभागको तथ्यांक छ ।

लिखत पारितमा सहरीकरण हुँदै गरेको मधेश प्रदेश र कोशी प्रदेशका मालपोत कार्यालय अगाडि देखिएका छन् । राजस्व संकलनमा भने ललितपुरको लगनखेल मालपोतबाट सबैभन्दा धेरै संकलन भएको छ । जेठमा लगनखेल मालपोतबाट ४० करोड ४९ लाख ५१ हजार रुपैयाँ राजस्व संकलन भएको छ । जेठमा करिब ४ अर्ब ३४ करोड राजस्व संकलन हुँदा दोस्रो धेरै राजस्व भक्तपुर मालपोतबाट संकलन भएको छ । उक्त कार्यालयबाट ३० करोड ६३ लाख २६ हजार, काठमाडौंको डिल्लीबजार मालपोत कार्यालयबाट २७ करोड २३ लाख २२ हजार, काठमाडौंको चाबहिल मालपोत कार्यालयबाट २६ करोड ६० लाख ६६ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

सबैभन्दा धेरै लिखत पारित भएको सुनसरीको इनरुवा मालपोतबाट जेठमा २४ करोड ५६ लाख ३० हजार रुपैयाँ राजस्व संकलन भएको छ । कास्की मालपोतबाट १२ करोड ८६ लाख २१ हजार रुपैयाँ राजस्व संकलन हुँदा चितवन मालपोतबाट १२ करोड १८ लाख ९१ हजार र काभ्रेपलाञ्चोक मालपोत कार्यालयबाट १२ करोड ३ लाख ४ हजार रुपैयाँ राजस्व संकलन भएको छ ।

यस्तै मालपोत कार्यालय धनगढी, कैलालीबाट ११ करोड ६२ लाख ९८ हजार रुपैयाँ राजस्व संकलन भएको विभागको तथ्यांक छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'घरज्वाइँ'मा मगर युवाको जीवन बाँच्न पाएँ : दयाहाङ

काठमाडौं/नेपाली फिल्मको सफल जोडी मानिएका दयाहाङ राई र मिरुना मगरको नयाँ फिल्म 'घरज्वाइँ' यही असार २८ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । युट्युबमा टिजरले सकारात्मक प्रतिक्रिया प्राप्त गरिरहँदा निमाण टिमले प्रचारलाई पनि तीव्रता दिन थालेको छ । त्यसको सुरुवात शनिबार टुँडिखेलमा भएको मगर समुदायको पर्व 'भूमे'को अवसरमा आयेजित विशेष कार्यक्रमबाट गरियो ।

उक्त कार्यक्रममा दयाहाङ र मिरुनासहित कलाकारहरु शिशिर वाङ्देल, भोलाराज सापकोटा, निर्देशक अनिल बुढामगर लगायत सहभागी भएका थिए । अर्थमन्त्री वर्षमान पुनको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा फिल्मको टिमलाई मञ्चमा नै आसन ग्रहणको व्यवस्था मिलाइएको थियो भने आयोजकले दयाहाङसहितका पुरुष कलाकार र निर्देशकलाई शिरमा सेतो फेटा बाँधिदिएका थिए ।

कार्यक्रममा बोल्ने क्रममा दयाहाङले नेपाल बहुजाति देश भएकाले एकअर्काको संस्कार र संस्कृतिलाई बुझ्न जरुरी रहेको औंल्याए । आफू राई समुदायको भए पनि 'घरज्वाइँ'मा मगर युवाको



जीवन बाँच्न पाएको जानकारी गराउँदै उनले आफ्नो चरित्रलाई न्याय गर्न प्रयास गरेको र दर्शकहरुलाई फिल्म मनपर्ने विश्वास व्यक्त गरे । फिल्म मगर समुदायको कथामा बनेको पनि उनले प्रष्ट्याए । मिरुनाले भने फिल्ममा काम गर्दा मगर समुदायको संस्कार र संस्कतिलाई नजिकबाट बुझ्न पाएको अनुभव सुनाइन् । उनले भनिन्, 'सानैमा विदेश गएकाले पनि मगर संस्कार र संस्कृतिलाई खासै बुझ्न पाएको थिइनँ । 'घर ज्वाइँ'ले यो अवसर जुराइदियो । म पूर्वेली मगर भएकाले पनि पश्चिमतिर को संस्कार र संस्कतिको बारेमा बुझ्ने इच्छा थियो । 'घरज्वाइँ'बाट त्यो इच्छा पूरा भएकोमा खुसी छु ।'

यस्तै, अर्थमन्त्री पुनले फिल्मलाई सफलताको शुभकामना व्यक्त गर्दै दयाहाङ र मिरुनाको पछिल्लो फिल्म 'जारी' हेरेको स्मरण गरे । 'दुवैजना भर्सटायल कलाकार हुनुहुन्छ,' उनले भने, 'दयाहाङजी 'जारी'मा लिम्बू पात्र भएर मिरुनाजीलाई तान्दै हुनुहुन्थ्यो । अहिले मगर समुदायको घरज्वाइँ बन्नु भएको छ । आगामी दिनमा पनि नेपाली समाजलाई जोड्ने फिल्म गर्दै जानुहोला, शुभकामना छ ।'

जनक घर्ती मगर निर्माता रहेको फिल्ममा बुद्धि तामाङ, पुष्कर गुरुङ, खड्कबहादुर पुन (खबपु), राज थापा, कविता आले, शिला आले, विना थापा मगर, अनु थापा, सोनाम लामा लगायतको पनि अभिनय छ । सुसन प्रजापतिले छायांकन गरेको फिल्मको कथा निर्देशक मगर आफैंले लेखेका हुन् भने उनलाई पटकथा र संवाद लेखनमा विनोद खतिवडा र सुभाष कोइरालाले सघाएका छन् ।

# केकीप्रति 'बोक्सीको घर' निर्देशकको असन्तुष्टि, लेख्छन्, 'काम गर्ने कालु माम खाने आलु'

काठमाडौं/फिल्म 'बोक्सीको घर' बक्स अफिसमा नपत्याउने खोला बनेर निस्कियो । 'चल्छ र ?' भनेर धेरैले आशंका गरेको यो फिल्मले हलमा प्रदर्शनको ५१औं दिन मनाउँदै १० करोडमाथि व्यापार गरेको छ । जबकि, फिल्ममा एक करोड पनि लगानी छैन । यो फिलमबाट सबैभन्दा बढी फाइदा अभिनेत्री केकी अधिकारीलाई भएको छ । निर्मात्री समेत भएकाले उनले निकै ठूलो मुनाफा कमाएकी छन् ।

तर, फिल्म सफल भए पनि टिमभित्र मनमुटाव सुरु भएको छ । लेखक तथा निर्देशक सुलक्षण भारतीले आइतबार केकीप्रति लक्षित गर्दै स्टाटस लेखेपछि टिमभित्रको मनमुटाव सहतमा आएको हो । उनले 'काम गर्ने कालु माम खाने आलु' भन्दै केकीप्रति घुमाउरो रुपमा कटाक्ष गरेका छन् । र, सर्जकको रुपमा आफ्नो मृत्यु भएको अनुभव गरिरहेको समेत उनले स्टाटसमा उल्लेख गरेका छन् ।

'यो नितान्त मेरो कृति हो र निर्माता पक्षले यसमा ध्यान नदिनुले के प्रश्न खडा गर्छ ? कुनै पनि 'बोक्सीको घर'को कार्यक्रममा लेखक र निर्देशकको उपस्थिति नहुनु र वास्ता नगरिनुले के सार्थकता राख्छ ? म सर्जक भएर हेर्दा आफ्नो मृत्यु भएको अनुभव गरेको छु । जसले जे काम गरेको छ त्यसको



उचित मुल्यांकन हुन पनि जरुरी छ वा छैन ?,' कलाकार समेत रहेका सुलक्षणले लेखेका छन् ।

आर्थिक तथा सामाजिक रुपमा कमजोर भएकाले वेवास्ता गरिएको उनको आरोप छ । उनी प्रश्न गर्दै अगाडि लेख्छन्, 'के लेखक र निर्देशकलाई यसरी वेवास्ता गर्न मिल्छ ? बौद्धिक चोरी भनेको के हो ? 'बोक्सीको घर' आखिरमा कसले बनाएको फिल्म हो ? अब फेरि जीवनमा म जस्ताले फिल्म किन र केका लागि बनाउने ?' उनले 'हिपोक्रेसी' चरण विन्दूमा पुगेको हो भन्दै प्रश्न गरेका छन् ।

फिल्म रिलिजपछि केकी र भारतीले एकसाथ विभिन्न हल पुगेर दर्शकको प्रतिक्रिया बुझेका थिए । पहिलो हप्ता नै फिल्म 'सुपरहिट' भएपछि उनीहरुले 'बोक्सीको घर'को सिक्वेल बनाउने समेत घोषणा गरेका थिए ।

तर, अब निर्देशक भारतीको स्टाटसले केकीसँग सम्बन्ध विग्रिएको प्रष्ट रुपमा संकेत गर्छ । जसले गर्दा अब 'बोक्सीको घर २' निर्माण हुन्छ वा हुँदैन भन्नेमा आशंका उब्जिएको छ ।

# कुन्साङ बोम्जन : स्कुलमा नाटकको अनुभव, 'दान्भी'बाट डेब्युको अवसर

काठमाडौं/म्यूजिक भिडियो नियमित हेर्ने दर्शकका लागि कुन्साङ बोम्जन नयाँ अनुहार होइनन् । उनले ३५/४० वटा म्यूजिक भिडियोमा काम गरिसकेका छन् । फिल्ममा भने उनको डेब्यु 'दान्भी'बाट भएको छ । यही असार ७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मलाई लिएर उनी जति उत्साहित छन्, आफ्नो काम रुचाइनेमा आशावादी पनि देखिन्छन् । फिल्ममा उनको चरित्रको नाम 'सारांश' हो ।

उनलाई 'दान्भी'मा आफ्नो चरित्र चाखलाग्दो छ भन्ने लाग्छ । 'मेरो चरित्रको बारेमा अहिले धेरै खुलाउन चाहिँ मिल्दैन । यद्यपि, मेरो चरित्र गम्भीरदेखि अलिक फरक मोडबाट बाँचेको किसिमको छ । फिल्ममा अलिक गम्भीर र देशलाई माया गर्ने किसिमको मान्छे छु,' उनी भन्छन् । कक्षा ११ सम्म कराँते सिकेका उनले बाल्यकालदेखि स्कुलमा हुने नाटकमा समेत अभिनय गर्दै आएका रहेछन् ।

सेन्ट जेभियर्समा अध्ययन गरेका उनी भन्छन्, 'मैले कक्षा ३ देखि ११ सम्म मार्सल आर्ट सिकें । ११ पछि मार्सल आर्ट छुट्यो । मार्सल आर्टलाई निरन्तरता दिइरहेको भए 'दान्भी'मा एक्सन गर्न धेरै सजिलो हुन्थ्यो होला । तर, बीचमा ग्याप भएकाले यही फिल्मका लागि मैले झन्डै ६ महिनासम्म एक्सन तामिल लिएको थिएँ ।' अभिनयप्रति रुचि भने उनलाई स्कुलमा नाटक गर्न थालेपछि बढेको रहेछ ।

उनले कक्षा ६ देखि १२ सम्म धेरै नाटकमा मुख्य भूमिकामा अभिनय गरेका थिए । विदेशबाट समेत कलाकारहरु नाटक सिकाउन स्कुलमा आइरहन्थे । नेपाली र अंग्रेजी दुवै नाटकमा उनले अभिनय गरे । त्यसबेला फिल्मको 'हिरो' हुन्छु भन्ने चाहिँ उनले कल्पना गरेका थिएनन् ।

# धितोपत्र बोर्ड अध्यक्ष छनोट प्रक्रिया नै रद्द हुने सम्भावना

काठमाडौं/नेपाल धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि सर्टलिस्टमा परेका उम्मेदवारमध्ये आइतबारको अन्तर्वार्तामा दुईजना मात्रै उपस्थित भएका छन् ।

अध्यक्ष नियुक्तिका लागि गठित सिफारिस समितिले सर्टलिस्टमा परेका ५ जनालाई आइतबार कार्ययोजना प्रस्तुत गर्नतथा अन्तर्वार्ताका लागि बोलाइएको थियो । दिउँसो १२ : ४५ भित्र उपस्थित हुनुपर्नेमा २ जना मात्रै उपस्थिति भए, बाँकी ३ जना अनुपस्थित भएका हुन् ।

सिफारिस समितिले बोर्ड अध्यक्षका लागि कम्तीमा ३ जनाको नाम मन्त्रिपरिषदमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । धितोपत्रसम्बन्धी ऐनको दफा ७ को उपदफा ४ मा भनिएको छ, 'समितिले नाम सिफारिस गर्दा यस ऐनबमोजिम योग्यता पुगेका कम्तीमा तीनजना व्यक्तिको नाम सिफारिस गर्नेछ ।'

पाँचमध्ये तीन जना अन्तरवार्तामा नै उपस्थित नभएपछि उपस्थित भएका दुईजनाको मात्रै नाम सिफारिस गर्न मिल्दैन । जसकारण कानूनी रुपमा सिफारिस प्रक्रिया नै रद्द हुने अवस्था आएको हो ।

सर्टलिस्टमा परेका सन्तोष नारायण श्रेष्ठ र धितोपत्र बोर्डका कार्यकारी निर्देशक मुक्ति श्रेष्ठ मात्रै कार्यायोजना प्रस्तुती तथा अन्तर्वार्ताका लागि उपस्थित भए । सर्टलिस्टमा परेकामध्ये बोर्डका कार्यकारी निर्देशक नवराज अधिकारी, नेपाल स्टक एक्स्चेन्जका कृष्णबहादुर कार्की र बीमा समितिका पूर्वअध्यक्ष चिरञ्जिवी चापागाईले सल्लाह गरेरै अन्तर्वार्तामा नगएको एक विश्वस्त स्रोतले संचारकर्मीलाई बतायो । माओवादी निकट मानिएका तीनजना अनुपस्थित रहनुमा राजनीतिक दाउपेचलाई नै प्रमुख कारण मानिएको छ ।

तर, ती तीन जनामध्ये एकजनाले आफू बाहिर रहेकाले आउन नसक्ने जानकारी दिएको अर्थ मन्त्रालयका सचिव तथा सिफारिस समितिका एक सदस्यले बताए । 'एकजनाले अहिले आउन नसक्ने अवस्था छ, पछि आउँछु भन्ने जानकारी बिहान मात्रै पठाउनुभएको जानकारी पाइयो, अहिले भ्याइनँ पछि आउँछु भन्नेलाई अवसर दिनुपर्छ,' उनले भने, 'त्यसो हुँदा अहिलेको प्रक्रिया रद्द हुने र अर्को प्रक्रिया सुरु हुने भन्ने होइन ।'

पुस २० गतेदेखि तत्कालीन अध्यक्ष रमेशकुमार हमाल कार्यकाल सकेर बाहिरिएपछि बोर्ड नेतृत्वविहीन छ । अध्यक्ष नियुक्तिका लागि माघको पहिलो साता सरकारले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठको नेतृत्वमा सिफारिस समिति गठन भएको थियो ।

फागुन दोस्रो साता सिफारिस समितिले अध्यक्ष पदका लागि आवेदन माग गरेको थियो । जसमा १९ जनाले आवेदन दिएका थिए । यीमध्येबाट चैतमा ५ जनाको नाम सर्टलिस्ट गरियो । सर्टलिस्टमा परेकालाई कार्ययोजना प्रस्तुत गर्ने समय विभिन्न बहानामा धकेलिँदै लगियो । अन्तर्राष्ट्रिय लगानी सम्मेलन, बजेटको तयारी जस्ता कारण देखाउँदै धकेलिएको अन्तर्वार्ता आइतबारका लागि तय गरिएको थियो ।

धितोपत्र बोर्ड अध्यक्षको नियुक्ति गर्दा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी धितोपत्र बजार व्यवस्थापन, पूँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानून क्षेत्रमा कम्तीमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरु मध्येबाट उपयुक्त व्यक्तिलाई अध्यक्षको पदमा नियुक्ति गर्ने व्यवस्था उल्लेख छ ।

**नयाँ स्टक एक्स्चेन्जसँग जोडिएको छ अध्यक्ष नियुक्ति**

बोर्ड अध्यक्ष नियुक्तिको विषय नयाँ स्टक एक्स्चेन्जको लाइसेन्स प्रक्रियासँग जोडिएको छ । त्यसो हुँदा कसलाई अध्यक्ष बनाउने भन्ने विषयमा अर्थमन्त्री मात्रै होइन, प्रधानमन्त्री प्रचण्ड, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली तथा कांग्रेस सभापति शेरबहादुर देउवाले प्रत्यक्ष चासो दिएको स्रोतको भनाइ छ ।

राजनीतिक शीर्ष नेतृत्व नै बोर्ड अध्यक्ष नियुक्तिमा खुलेर अघि आएपछि पाँच महिनादेखि अध्यक्ष नियुक्त हुन सकेको छैन । 'नयाँ स्टक एक्स्चेन्ज सञ्चालनका लागि विभिन्न व्यवसायिक घरानाहरु लागेका छन्, उनीहरुले आअफ्ना उम्मेदवारहरु बोकेर राजनीतिक नेतृत्वलाई दबाब दिइरहेका छन्,' स्रोतले भन्यो । एमाले अध्यक्ष केपी ओलीले बोर्ड अध्यक्ष नियुक्त गर्न आफूले ५ अर्ब खायो भन्ने हल्ला चलाइएको बताएका थिए । ओली र प्रचण्डले नियुक्त गर्न चाहेका उम्मेदवारलाई अध्यक्ष बनाउन अर्थमन्त्री पुन तयार नभएपछि अहिले समस्या आएको विश्वस्त स्रोतको भनाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# काठमाडौंको गर्मी ३५ वर्षयताकै उच्च, मनसुन बल्ल मधेशमा

काठमाडौं/काठमाडौंको गर्मी ३५ वर्षयताकै उच्च भएको छ । शनिबार काठमाडौंको अधिकतम तापक्रम ३५.३ डिग्री सेल्सियस रेकर्ड भएको छ । यो २०४६ सालयताको सबैभन्दा उच्च अधिकतम तापक्रमको रेकर्ड हो । काठमाडौंमा २०४६ साल वैशाख २५ गते अर्थात् सन् १९८९ मे ७ तारिकको दिन अधिकतम तापक्रम ३६.६ डिग्री सेल्सियस मापन भएको थियो ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाकी मौसमविद प्रतिभा मानन्धरले संचारकर्मीसँग भनिन्, '१९८९ मे ७ पछि शनिबार असार १ गते उच्च गर्मीको रेकर्ड रह्यो ।'

जल तथा मौसम विज्ञान विभागको रेकर्ड अनुसार विगत विगत ३० वर्षको तथ्यांक्लाई आधार मानेर हेर्दा जुन महिनामा काठमाडौंको सरदर अधिकतम् तापक्रम २९.४ डिग्री सेल्सियस हो । तर त्यो सरदर अधिकतम तापक्रमको रेकर्ड गत वर्षदेखि नै तोडिँदै गएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मौसमको रेकर्ड राख्न थालिएको वर्ष सन् १९६८ देखि सन् २०२० सम्मको अवधिको अधिकतम तापक्रम ०.०५ डिग्री सेल्सियसले बढेको छ । जुन महिनाको मात्रै सबैभन्दा ताता दिनहरुको ट्रेण्ड ०.०५ डिग्री सेल्सियसले बढेको छ ।

मे र जुन महिना सबैभन्दा गर्मी महिनाका रूपमा चिनिन्छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्वचालित मौसम मापन केन्द्रमा यस वर्षको जुन ८, ९ र १० तारिख अर्थात् जेठ २६, २७ र २८ गते अधिकतम तापक्रम क्रमश: ३१.९, ३३.८ र ३४.४ डिग्री सेल्सियस रेकर्ड भएको थियो ।

**मनसुन बल्ल मधेशमा**

मे र जुन महिना बढी गर्मी हुने महिनाका रूपमा चिनिन्छन् । यस वर्ष हिउँद याम र प्रि-मनसुन अवधिमा कम वर्षा भएकाले पनि गर्मी झन् बढेको अनुमान छ ।

मौसमविद प्रतिभा मानन्धर मनसुन फैलिन ढिलाइ भएकाले काठमाडौंसहित पश्चिम तराईका जिल्लाहरूमा अत्यधिक गर्मी बढेको बताउँछिन् । यस वर्षको मनसुन जेठ २८ गते नै कोशी प्रदेशमा भित्रिएको थियो । तर पश्चिमतिर सर्न ढिलाइ भइरहेको छ । मनसुन आज बल्ल मधेशको पूर्वी भागमा आइपुगेको छ । मौसमविद् प्रतिभा मानन्धरका अनुसार काठमाडौंमा मनसुन आउन अझै केही दिन लाग्ने अनुमान छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# शिबम् नेस्नल गोल्ड अवार्ड वितरण

साझाकुरा संवाददाता




हेटौंडा, २ असार/ शिवम् सिमेन्ट उद्योगले शिवम् कीर्ति समारोह २०८१ सम्पन्न गरेको छ । पाँचवर्ष पछि 'उडान-समृद्धि र सहयात्राको' शीर्षकमा समारोह आयोजना गरिएको हो ।

समारोहमा कम्पनीले उत्कृष्ट डिलरमध्ये सर्वोत्कृष्ट ३१ वटा डिलरलाई विभिन्न विधामा अवार्ड प्रदान गरेको थियो । रिजनल अवार्डअन्तर्गत प्रगति र परमवीर अवार्ड प्रदान गरिएको हो । नेशनलअन्तर्गत त्रिनेत्र, सदावहार, कल्पवृक्ष अवार्ड दिइएको छ । यसका साथै सर्वोत्कृष्ट चार डिलर लाई शिवम् डायमण्ड अवार्ड, शिवम् गोल्ड अवार्ड, शिवम् सिलभर अवार्ड र चेयरम्यान अवार्डबाट सम्मानित गरिएको थियो ।

कम्पनीका भाइस प्रेसिडेन्ट निखिल अग्रवालले विगत पाँचवर्षमा कोभिड-१९, आर्थिक मन्दी जस्ता विषम परिस्थितिमा पनि वितरक तथा डिलरले देखाएको धैर्यता र ऐक्यवद्धतालाई आधार मानेर यो कार्यक्रम राखिएको जानकारी दिए । शिवम् नेशनल डायमण्ड अवार्ड ललितपुरस्थित सुपरस्टार ट्रेडिङ हाउस परिवार, शिवम् नेशनल गोल्ड अवार्ड सुशील हार्डवेयर गोलबजारका प्रोपाईटर सुनिलकुमार सिंह र शिवम नेशनल सिलभर अवार्ड पुष्प अटो इन्टरप्राईजेज गठौनाका ईश्वरप्रसाद गुप्ताले जितेका थिए ।

शिवम् सिमेन्टका सर्वोत्कृष्ट बिक्रेताअन्तर्गत शिवम चेयरम्यान अवार्ड नेपाल ट्रेड सेन्टर जनकपुरका सोहनलाल मुरारकाले जितेका छन् । समारोहमा नेपालको चर्चित कलाकारका साथै भारतका ख्यातिप्राप्त कलाकार कृष्ण अभिषेक र सुदेश लेहरीले मनोरञ्जनात्मक प्रस्तुति दिएका थिए । कम्पनीका अध्यक्ष गौरव गोयलले आपसी सदभाव, समझदारी र सहकार्यबाट आज शिवम् सिमेन्ट्स देशकै सर्वाधिक बिक्री हुने सिमेन्ट भएको र भविष्यमा पनि यो सहकार्यलाई जारी राख्ने बताए ।

# मक्राञ्चुलीका १५ किसानलाई च्यापकटर

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ मकवानपुरगढी-३ मक्राञ्चुलीमा रहेको श्रमिक सानाकिसान कृषि सहकारी संस्थाको आयोजना र पशुसेवा कार्यालय मकवानपुरको अनुदान सहयोगमा १५ जना किसानलाई ५०% अनुदानमा कृषियन्त्र च्यापकटर वितरण गरिएको छ ।

सहकारीले सार्वजनिक सुनुवाई कार्यक्रम गरी किसानलाई च्यापकटर वितरण गरेको हो । पशुपालक किसानलाई पशुपालन र व्यावसायिक प्रवर्द्धनका लागि सहज होस् भनेर च्यापकटर वितरण गरिएको संस्थाकी अध्यक्ष निर्मला लम्सालले जानकारी दिइन् । ३६ हजार रुपैयाँ पर्ने च्यापकटर किसानको ५०% र पशुसेवा कार्यालयको ५०% अनुदानमा १५ जना किसानलाई प्रदान गरिएको हो ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङतानले सहकारी संस्थाले पशुसेवा कार्यालयसँग समन्वय गरेर किसानलाई यन्त्र उपकरण वितरण गरेर प्रशंसनीय कार्य गरेको बताए । पशुसेवा कार्यालयका डाक्टर मदन भण्डारीले वितरण गरेको उपकरणको सही सदुपयोग गर्न किसानलाई आग्रह गरेका छन् । संस्थाले यसअघि पनि विपन्न किसानलाई गाई वितरण, बाख्रा वितरण र खोर निर्माण लगायत कार्यक्रम गरी किसानलाई सहयोग गर्दै आएको संस्थाकी व्यवस्थापक गीता लम्सालले जानकारी दिइन् ।

मकवानपुरगढी गाउँपालिका अध्यक्ष स्याङतानको प्रमुख आतिथ्यता तथा संस्थाका अध्यक्ष लम्सालको अध्यक्षता र पशुसेवा कार्यालयका डाक्टर भण्डारीको विशेष आथितामा भएको कार्यक्रममा वडा नम्बर ३ का वडासदस्य बिदुर हुमागाई, रानी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, मनकामना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष अर्जुनप्रसाद दाहाल, बृहत खानेपानी आयोजनाका सचिव कृष्णप्रसाद पोखरेललगायतको आतिथ्यता रहेको थियो ।

# बसयात्रु महतको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ बसमा यात्रा गरिरहेका एकजना यात्रुको हेटौंडामा मृत्यु भएको छ । हेटौंडा उपमहानगरपालिका-१० बसपार्कमा बीरगंजबाट नारायणगढ तर्फ जाँदै गरेको ना ७ ख ३५७५ नम्बरको बसमा बीरगंजबाट हेटौंडासम्मको यात्रामा आएका एकजनाको मृत्यु भएको हो ।

हेटौंडा उपमहानगर पालिका-१ जरुवाटोल बस्ने ३२ वर्षीय आकाश महत बसपार्कमा आइपुगेपछि अचानक बेहोस भई उपचारको लागि हेटौंडा अस्पताल पठाएकोमा अस्पताल पुग्नासाथ डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले बताए ।

# लालमाया राष्ट्रिय मावि सिलिङेकी पहिलो महिला प्रअ

प्रतिक्षा न्यौपाने



हेटौंडा, २ असार/ लालमाया प्रजा राक्सिराङ गाउँपालिका-६ स्थित राष्ट्रिय मावि सिलिङेकी पहिलो महिला प्रधानाध्यापक हुन् । उनी २०७२ सालदेखि यो विद्यालयमा कार्यरत छिन् र हाल २०७९ देखि प्रधानाध्यापकको जिम्मेवारी सम्हालिरहेकी छन् ।

९१० जना विद्यार्थी रहेको यो विद्यालयमा व्यवस्थापकीय पाटोमा धेरै समस्या विद्यमान रहेका छन् । भौगोलिक स्थिति र भौतिक पूर्वाधारको कमीले गर्दा टाढाबाट आउने विद्यार्थीका लागि आवासको अवस्था कमजोर रहेको छ । खानेपानीको अभाव, कक्षाकोठाको चरम अभाव, विद्यार्थी संख्याको तुलनामा कक्षाकोठा कम रहेका कारण एउटा कोठामा ७० देखि ८० जना विद्यार्थी राखेर पढाउनुपर्ने बाध्यता रहेको प्रअ प्रजा बताउँछिन् ।

टाढाका विद्यार्थीका लागि होस्टेलको व्यवस्था गरिए पनि त्यसको अवस्था सन्तोषजनक छैन । 'हाम्रो विद्यालयमा राक्सिराङका चारवटा वडा, चितवन र राप्ती नगरपालिका वरपरका विद्यार्थी अध्ययनरत छन्' प्रजाले भनिन् 'आफ्नो गाउँपालिकामा विद्यालयको अवस्था त एकातिर छँदैछ, अर्कोतिर पर्याप्त दर्बन्दी नै छैन ।' बालविवाहको बाटो रोक्न नसकिएको उनी बताउँछिन् । विद्यार्थीलाई पढ्न मन हुँदा हुँदै अभिभावक्ले चासो नदिएको बताउँछिन् प्रधानाध्यापक प्रजा । अभिभावककै कमजोरी रहेको गुनासो उनको छ ।

प्रअ प्रजाको गुनासो छ 'अभिभावक्ले नै आफ्ना छोराछोरीलाई पढ्नका लागि घरबाट पठाउन चासो दिँदैनन्,, कतिपय विद्यार्थीसँग पुस्तक-कापीकलमका लागि पैसा हुँदैन।' यसपालिको एसईईमा ११४ जना विद्यार्थीका अभिभावकलाई विद्यालयले चिठी पठाएकोमा १४/१५ जना मात्र आएको प्रधानाध्यापक प्रजाले बताइन् । अभिभावकले बालबालिकाको शिक्षाप्रति बेवास्ता गरेको उनको गुनासो छ ।

विद्यालयमा विद्यार्थी आकर्षणको मुख्य कारण 'दिगो विकास' नामक संस्थाले वितरण गरेको खाजा रहेको उनी बताउँछिन् । 'तर, यही खाजा पनि कहिलेसम्म हो ? भन्नेमा पनि चिन्तित छु' उनले भनिन् । गाउँपालिकाले पनि सक्ने सहयोग गरिरहेको छ । 'तर, सरकारी निकायबाट गरिने सहयोग निकै कम रहेको छ । हाम्रो भूगोल विकट भएको कारणले पनि गाउँपालिकाले सकेसम्मको सहयोग गरिरहनुभएको छ तर, यतिले यहाँको विद्यार्थी संख्याको समस्याको समाधान भने हल हुन सकिरहेको छैन' उनले भनिन् ।

'कतिपय घरमा खान केही पनि नभएकाले विद्यार्थीले विद्यालयमा आफूले तरकारी मात्र खाएर प्लाष्टिकमा चिउरा राखेर घर लैजाने गरेका छन्', प्रजाले भनिन् । हुन त कतिपयको घरमा खानलाई अन्न समेत हुँदैन । यहीँबाट लगेको खाजाले नै उनीहरुले छाक टाछ्न् । 'यो एकदम दयनीय अवस्था छ हाम्रो गाउँपालिकामा'-उनी थप्छिन् । गैर सरकारी संस्थाले गरिव विद्यार्थीका लागि लत्ताकपडा साथै यस विद्यालयका लागि ७ जना शिक्षकको समेत व्यवस्थापन गरेको छ । विद्यालयले सीमित स्रोतबाट प्रोत्साहनस्वरुप विद्यार्थीलाई जो साँच्चिकै कमजोर आर्थिक अवस्थामा छन् उनीहरुलाई कापी-कलम वितरण गर्दै आएको छ ।

'सरदरमा हेर्ने हो भने हाम्रो विद्यालयमा महिलाको संख्या बढ्दै गएको छ' प्रधानाध्यापक प्रजाले भनिन् 'यो खुशीको कुरा हो ।' गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लका अनुसार राक्सिराङ एकदम विकट गाउँपालिकामध्ये एक हो । 'हामीले सकेसम्मको सुधार र व्यवस्थापन गर्ने प्रयास गरिरहेका छौं' अध्यक्ष मल्ल भन्छन् 'सकेसम्म बालविवाह कुपोषण बसाईसराई गरेर जानेहरुको संख्या घटाउने काम मै लागिरहेको छु' । केही नभएको गाउँमा यति हुनु पनि एउटा सफलता नै ठान्छ अध्यक्ष मल्ल ।

# महानगरमा तीन दलको 'गठबन्धन'ले बालेन रुष्ट

काठमाडौं, २ असार/ राष्ट्रिय सभा गृहमा आइतबार बिहान सवा ९ बजे राष्ट्रिय गानसँगै काठमाडौं महानगरपालिकाको नगर सभा बैठक सुरु भयो । सुरु हुँदासम्म बैठकमा दृश्यहरू नियमित जस्तै थिए ।

महानगरका प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारको आग्रहअनुसार मेयर शाहले १५औं अधिवेशनको दोस्रो बैठक प्रारम्भ गरे । अनि चालु आर्थिक वर्ष २०८०/८१ को प्रगति, समीक्षा र आगामी आर्थिक वर्षका लागि शुक्रबार आफूले पेस गरेको महानगरको नीति तथा कार्यक्रम माथि बोल्न चाहनेहरूका लागि नाम टिपाउन ५ मिनेट समय दिए ।

केहीबेर हल शान्त रह्यो । केही नगर सभा सदस्य सिटबाट उठेर यताउता हेर्न थाले । महानगरका प्रवक्तासमेत रहेका कांग्रेसका तर्फबाट निर्वाचित वडा नम्बर १७ का वडाध्यक्ष नवीन मानन्धर, एमालेका तर्फबाट निर्वाचित ३२ नम्बर वडाका वडाध्यक्ष नवराज पराजुली र एकीकृत समाजवादीबाट निर्वाचित वडा नम्बर १५ का वडाध्यक्ष ईश्वरमान डंगोललबारे सोधीखोजी गर्न थाले । नगर सभामा दलका तर्फबाट संशोधन प्रस्तावहरू संयोजन गर्न जिम्मा पाएका तीनै जना वडाध्यक्षहरू हलभित्र नदेखिएपछि नगर सभा सदस्यहरू धमाधम उठेर हिँडे । मेयर बालेनले पेस गरेको नीति तथा कार्यक्रममाथि साझा धारणा बनाउन र संशोधनका प्रस्ताव तयार गरेर हाल्न तीन दलका तर्फबाट तीन वडाध्यक्षहरू मानन्धार, पराजुली र डंगोल छलफलमा व्यस्त थिए ।

स्रोतका अनुसार उनीहरूले आफूहरूलाई नीति तथा कार्यक्रम माथि अध्ययन गरेर संशोधनको प्रस्ताव तयार गर्न केही समय लाग्ने भन्दै केही वडाध्यक्षमार्फत मेयर बालेन र प्रमुख प्रशासकीय अधिकृतलाई खबर पठाएका थिए । उनीहरूले केही घण्टा नगर सभा बैठक सार्न आग्रह गरेका थिए ।

तर मेयर तयार भएनन् । उनले निर्धारित समयमै नगर सभा बैठक सुरु गर्दै बोल्न चाहनेहरूलाई नाम टिपाउन भनेपछि के गर्ने भन्ने अलमलमा परे । त्यसैले तीन वडाध्यक्षलाई खोज्दै हलबाट बाहिरिए । केहीबेरपछि महानगरका प्रवक्ता नवीन मानन्धरसँगै नवराज पराजुली र ईश्वरमान डंगोल एकसाथ मेयर बालेनसँग छलफलका लागि मञ्चमा पुगे ।

उनीहरूको एउटै माग थियो, बैठक ११ बजेसम्म सारेर छलफल गर्नुपर्‍यो । उनीहरूले केही विषयमा मेयर बालेनसँग छलफल हुनासाथ बैठकले तुरुन्तै नीति तथा कार्यक्रम पारित गर्न सक्ने बताए । तीन दलको गठनबन्धन देखेपछि मेयर बोलनले उनीहरूको मागअनुसार केही घण्टाका लागि बैठक रोक्ने प्रस्ताव स्वीकार्न नसकिने जवाफ दिए ।

बरू १० असारको बिहान ११ बजेसम्मका लागि बैठक स्थगित गरिदिए । लगत्तै तीन वडाध्यक्षलाई चुनौती दिँदै सामाजिक सञ्जाल फेसबुकमा लेखे, '३ जना नेताले गर्दा १६० जना जनप्रतिनिधिको बोल्ने अधिकार हनन भयो ।' काठमाडौं महानगरको कुनै पनि नीति, योजना बारेमा छलफल बन्द कोठामा नहुने भन्दै उनले दलको धङधडी बोकेर नआउनसमेत आग्रह गरेका छन् ।

'नगर सभामा कोही पनि कुनै पार्टीको नेता र उपनेताका रूपमा रहँदैन । १६० जनाको नै हरेक निर्णयमा समान सहभागिता र स्वामित्व रहन्छ,' मेयर बोलेनले लेखेका छन्, 'बन्द कोठामा केही नेताले राजनीतिक लेनदेन गरेर सहमति गर्ने, अनि सार्वजनिक रूपमा त्यसको औपचारिकता मात्रै दिने काम काठमाडौं महानगर पालिकाले गर्दैन ।'

स्रोतका अनुसार शुक्रबार नीति तथा कार्यक्रम पेस भएपछि वडाध्यक्षहरूले अध्ययन गर्न केही दिनको समय मागे । त्यसअनुसार आइतबारका लागि बैठक बोलाइएको थियो । तर दलहरूले संयुक्त छलफल गरेर संशोधन हाल्न खोजेको बुझेपछि मेयर बालेन रुष्ट थिए ।

अझ मेयर बोलन आइतबार राति ब्राजिल भ्रमणमा निस्कने तयारीमा छन् । वर्ल्ड एसोसिएसन अफ दि मेजर मेट्रोपोलिसको बोर्ड बैठकमा भाग लिन आइतबार मध्यरातमा ब्राजिल जाने छन् । समयको चापमा पारेर आइतबारकै नगर सभा बैठकबाट संशोधनसहित नीति कार्यक्रम पारित गराउन खोजेको बुझेपछि मेयर बालेनले बजेट प्रस्तुत हुने दिन १० असारकै लागि लागि नगर सभा बैठक डाकेका छन् ।

**के चाहन्छन् दलहरू ?**

शुक्रबार नगर सभामा मेयर बालेनले पेस भएको नीति तथा कार्यक्रमका केही बुँदामा वडाध्यक्षहरूको असहमति छ भने केही नयाँ कार्यक्रमहरू थप्न गर्न चाहन्छन् । मेयर बालेनले पर्याप्त छलफल नगरी एकतर्फी रूपमा नीति तथा कार्यक्रम ल्याएको उनीहरूको आरोप छ ।

वडा नम्बर ७ का अध्यक्ष विमलकुमार होडा नीति तथा कार्यक्रम बनाउँदा मेयरले आवश्यक सल्लाह नगरेको बताउँछन् । दलहरूले उठाएका विषयहरू समावेश हुने गरी नीति तथा कार्यक्रम परिमार्जित हुनुपर्ने होडाले बताए ।

एमालेबाट काठमाडौं महानगर वडा नम्बर १ मा बनेका भरतलाल श्रेष्ठ नीति तथा कार्यक्रम अध्ययन गर्न समय नपाएकाले बैठक रोक्नुपर्ने माग गरेको बताउँछन् । 'नीति कार्यक्रम अध्ययनका लागि समय आवश्यक छ । परिमार्जनको कुरा पनि उठेको छ,' वडाध्यक्ष श्रेष्ठ भन्छन् । तर मेयरले बैठक रोकेर दलहरूसँग छलफल गर्न चाहेनन् । 'स्पष्ट नभएका विषयमा सल्लाह गरौं भन्ने हाम्रो माग हो, त्यसका लागि केही समय मागेका थियौं' महानगरका प्रवक्तासमेत रहेका वडाध्यक्ष नवीन मानन्धर भन्छन् 'मेयरसा'बले बजे ११ नभन्नुस्, अहिले नै गरौं भन्नुभयो ।'

*(स्रोत: अनलाइनखबर)*

# मधेशमा बजेटका अधिकांश योजना अंकविहीन

जनकपुरधाम, २ असार/ मधेश सरकारले शनिबार आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ४३ अर्ब ८९ करोड २१ लाख रुपैयाँको बजेट ल्यायो ।

जसमा चालुतर्फ १६ अर्ब ७ लाख र पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख विनियोजन गरिएको छ । तर पर्याप्त तयारी विना ल्याइएकाले अधिकांश योजनामा बजेटको अंक राखिएको छैन । अर्थमन्त्री भरतप्रसाद साहले मधेश प्रदेश सभामा प्रस्तुत गरेको बजेटमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लागि २० वटा बुँदामा योजना सेमिटएको छ ।

जसमा एउटा योजना शीर्षकमा मात्र बजेट उल्लेख छ । अन्तिम बुँदामा मन्त्रालयको समग्र बजेट उल्लेख छ । अन्य सबै बुँदामा 'आवश्यक बजेट विनियोजन गरेको छु,' उल्लेख मात्र छ ।

बजेटको पूर्णपाठमा कृषि मन्त्रालय मात्र होइन अन्य मन्त्रालयको पनि यस्तै अवस्था छ । प्राय: योजना शीर्षकमा कति रकम भन्ने नै उल्लेख छैन । भौतिक पूर्वाधार मन्त्रालयलाई १३ अर्ब ११ करोड बजेट विनियोजन गरिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई ५ अर्ब २१ करोड ६५ लाख, ऊर्जा सिंचाइ तथा खानेपानी मन्त्रालयलाई ५ अर्ब १७ करोड, उद्योग पर्यटन मन्त्रालयलाई २ अर्ब ९८ करोड ५२ लाख, शिक्षा तथा संस्कृति मन्त्रालयलाई २ अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरिएको छ ।

यस्तै वन तथा वातावरण मन्त्रालयलाई २ अर्ब ४२ करोड ४६ लाख, खेलकुद तथा समाज कल्याण मन्त्रालयलाई १ अर्ब ९५ करोड ८३ लाख, श्रम तथा यातायात मन्त्रालयलाई ९९ करोड ९७ लाख र सबभन्दा कम गृह सञ्चार तथा कानुन मन्त्रालयलाई ७७ करोड ५७ लाख ४ हजार विनियोजन भएको छ । तर मन्त्रालयअन्तर्गतका कुन आयोजनालाई कति बजेट अधिकांशमा उल्लेख छैन । यसकै कारण हो शनिबार दिउँसो ४ बजेका लागि राखिएको बजेट पेसको कार्यक्रम चार घण्टा ढिलो राति ७:५० बजे सुरु भएको थियो । बजेटको तयारीमा समय अभाव भएकाले समस्या भएको अर्थ मन्त्रालयका सचिव सुवासचन्द्र सिवाकोटी स्वीकार्छन् ।

'२/३ दिनमा बजेट बनाउँदा तयारीको अभाव खड्किएको हो । क्लोज तयारीमा ५ दिन लाग्दो रहेछ । फाइनल कन्टसलटेसन तयारी र त्यसभन्दा अघि बजेट बनाउन करिब महिना दिन लाग्छ,' अर्थ सचिव सिवाकोटी भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# दुर्घटनमा कालिकोटका तिरुवाका मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २ असार/ हेटौंडामा-१९ मा दुर्घटना हुँदा मोटर साइकलमा सवार एक पुरुषको मृत्यु भएको छ ।

शनिबार साँझ हेटौंडा-१९ दारीमटारस्थित पूर्वपश्चिम सडकखण्डमा ट्र्याक्टरले ठक्कर दिंदा मोटरसाइकलमा सवार कालिकोट जिल्लाको सान्नीत्रिवेनी गाउँपालिका-४ बस्ने ३० वर्षीय रमेश तिरुवाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीका अनुसार मोटर साइकल चालक चितवन भरतपुर महानगरपालिका-५ तोरीखेत बस्ने ३७ वर्षीय मुस्कान घलान र मोटर साइकलमा सवार तिरुवा घाइते भएका थिए ।

दुबैजनालाई उपचारको लागि नयाँ मेडिकल कलेज भरतपुर रिफर गरिएको थियो । घाइते तिरुवालाई थप उपचारको लागि काठमाडौ ट्रमा सेण्टर लगिएकोमा उपचारको क्रममा ११ बजे डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

नेवारपानीबाट हेटौंडा आउँदै गरेको ना ७ त ४३७६ न. को ट्र्याक्टरले हेटौडाबाट नेवारपानी जाँदै गरेको बा ७० प ७१८९ नं. को मोटरसाइकललाई ठक्कर दिंदा दुर्घटना भएको थियो ।

मोटरसाइकल र ट्र्याक्टर प्रहरीको नियन्त्रणमा रहेको र ट्र्याक्टर चालक फरार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले बताएका छन् ।

हार्दिक बधाई तथा शुभकामना



नेकपा माओवादी केन्द्र हेटौंडा-१० वडा कमिटीको शनिबार सम्पन्न दोस्रो अधिबेशनले अध्यक्ष **ज्ञानेन्द्र बहादुर कार्की**, उपाध्यक्ष, **गीतादेबी यादव** र **चतुरमान लामा**, सचिव **राजेन्द्र श्रेष्ठ**, कोषाध्यक्ष **सुशील श्रेष्ठ**लगायत नेतृत्व चयन प्रक्रियाबाट निर्वाचित सम्पूर्णमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछु ।

ज्ञानेन्द्र बहादुर कार्की (अध्यक्ष) एवम्
**सार्वजनिक मकवानपुर यातायात प्रा.लि. तथा कर्मचारी परिवार**

**हेटौंडा उपमहानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल
मिति: २०८१/०२/३२


**नदीजन्य पदार्थ उत्खनन् तथा संकलनमा रोक लगाएको सम्बन्धी सूचना**

हेटौंडा उपमहानगरपालिका नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खहरेहरुबाट मिति २०८१ सालअसार १ गते देखि २०८१ साल भाद्र मसान्तसम्म तीन महिना नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन गर्न निषेध गरेको हुंदा निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेहरुबाट नदीजन्य पदार्थहरु उत्खनन् तथा संकलन नगर्नु हुन यो सूचना जारी गरिएको छ । निषेधित क्षेत्र र अवधिमा नदी, खोला तथा खहरेमा पसी नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न सवारी साधनहरुलाई प्रचलित नियमानुसार कार वाही गरि नदीजन्य पदार्थ जफतसमेत गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**राजश्व प्रशासन शाखा**
**हेटौंडा उपमहानगरपालिका**

*Education is the real treasure*

हार्दिक समवेदना



जन्म
२०१० माघ

स्वर्गारोहण
२०८१ जेठ २४

**स्व. गोपाल प्रसाद सुवेदी**

यस विद्यालयको लेखा शाखामा कार्यरत लेखापाल श्री रामराज सुवेदीको पुजनीय पिता **गोपाल प्रसाद सुवेदी** को १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना